# बागमती प्रदेशको आर्थिक गतिविधि अध्ययन

## वार्षिक प्रतिवेदन
(आर्थिक वर्ष २०८२/८३)




बागमती प्रदेश


नेपाल राष्ट्र बैंक
आर्थिक अनुसन्धान विभाग
२०८३ असोज

# प्राक्कथन

नेपाल राष्ट्र बैंकले मुलुकको आर्थिक र वित्तीय क्षेत्रको तथ्याङ्क तथा विश्लेषण समावेश गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन वार्षिक रूपमा प्रकाशन गर्दै आएको छ। यस्तो प्रतिवेदन प्रदेशगत रूपमा समेत प्रकाशन हुने गरेको छ । यसै क्रममा बागमती प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदन नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागले र अन्य प्रदेशहरूको प्रतिवेदन नेपाल राष्ट्र बैंकका प्रदेशस्थित कार्यालयहरूले प्रकाशन गर्ने व्यवस्था रहेको छ ।

यस विभागले तर्जुमा गरेको प्रस्तुत प्रतिवेदनमा बागमती प्रदेशका १३ जिल्लाहरूमा आर्थिक वर्ष २०८२/८३ असार मसान्तसम्मको जिल्लागत कृषि, उद्योग, सेवा र पूर्वाधारक्षेत्रको स्थिति तथा ती क्षेत्रमा देखिएका विद्यमान समस्या/चुनौती, सम्भावना र परिदृश्यका बारेमा संक्षिप्त विश्लेषण गरिएको छ। यसका अतिरिक्त बागमती प्रदेशका रणनीतिक महत्वका पूर्वाधार आयोजनाहरुको पछिल्लो विवरण एवम् प्रदेश सरकारको खर्च, राजस्व परिचालन र वित्तीय हस्तान्तरणको संक्षिप्त विवरणसमेत समावेश गरिएको छ। प्रतिवेदनमा कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत विवरण स्थलगत सर्वेक्षण र सम्बन्धित निकायहरुबाट प्राप्त हुने तथ्याङ्क/विवरणमा आधारित रहेको छ ।

समीक्षा अवधिमा बागमती प्रदेशको आर्थिक क्रियाकलाप विस्तारमा सुधार आएको छ। कृषि क्षेत्रतर्फ सिँचाइ हुने क्षेत्रफल बढेको कारण समेतले गर्दा कृषि उत्पादन बढेको छ । उद्योग र सेवा क्षेत्रको क्षमता उपयोगमा गत वर्षको तुलनामा सुधार आएको छ । यद्यपि, आर्थिक वर्ष २०८१/८२ मा ४.४३ प्रतिशतले विस्तार भएको समग्र अर्थतन्त्र आर्थिक वर्ष २०८२/८३ मा ३.८५ प्रतिशतले मात्र विस्तार हुने र बागमती प्रदेशको आर्थिक वृद्धिदर ५.४० प्रतिशत रहने राष्ट्रिय तथ्याङ्क कार्यालयको पछिल्लो अनुमान रहेको छ ।

प्रस्तुत आर्थिक गतिविधि अध्ययन प्रतिवेदन बागमती प्रदेश सरकारलगायत सरोकारवालालाई उपयोगी हुने विश्वास लिएको छु। प्रतिवेदन तयार पार्न आवश्यक सूचना, विवरण तथा तथ्याङ्क उपलब्ध गराई सहयोग पुर्‍याउने सरकारी तथा निजी क्षेत्रका कार्यालय, विभिन्न परियोजना, बैंक तथा वित्तीय संस्था र उद्योगी/व्यवसायीप्रति आभार व्यक्त गर्दछु। प्रतिवेदन तर्जुमा गर्ने कार्यको संयोजन गर्नुहुने विभागका निर्देशक श्री विज्ञान राज सुवेदीलाई विशेष धन्यवाद ज्ञापन गर्दछु। त्यसैगरी, प्रतिवेदन तयारीमा संलग्न हुनुहुने आर्थिक विकास शाखाका उप-निर्देशकहरू श्री सजना शिल्पकार, डा.गणेश प्रसाद गौतम र श्री धनञ्जय पराजुली, सहायक निर्देशकहरू श्री अर्जुन कुमार श्रेष्ठ, श्री रामकृष्ण आचार्य र श्री आरती मण्डल, प्रधान सहायक श्री सन्तोष पनेरु र कम्प्युटर अधिकृत श्री रामकुमार थापालाई धन्यवाद ज्ञापन गर्दछु ।

**डा. सत्येन्द्र तिमिल्सिना**
**कार्यकारी निर्देशक**

# विषय-सूची


| शीर्षक | | पेज नं. |
|---|---|---|
| आवरण पृष्ठ | | |
| प्राक्कथन | | (क) |
| विषयसूची | | (ख) |
| तालिकासूची | | (घ) |
| चार्टसूची | | (ङ) |
| सारांश | | (च) |
| **परिच्छेद १:** | **अध्ययन परिचय** | |
| | १.१ पृष्ठभूमि | १ |
| | १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन | १ |
| | १.३ अध्ययनको सीमा | २ |
| | १.४ अध्ययनको ढाँचा | २ |
| **परिच्छेद २:** | **प्रदेशको तुलनात्मक स्थिति** | |
| | २.१ राष्ट्रिय अर्थतन्त्रमा बागमती प्रदेशको क्षेत्रगत योगदान | ३ |
| | २.२ अन्तरप्रदेश तुलना | ३ |
| | २.३ प्रादेशिक चुनौती तथा सम्भावना | ४ |
| **परिच्छेद ३:** | **कृषि क्षेत्र** | |
| | ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र | ६ |
| | ३.२ कृषि उत्पादन | ७ |
| | ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन | ८ |
| | ३.४ सिँचाई | ९ |
| | ३.५ कृषि कर्जा | १० |
| | ३.६ कृषि क्षेत्रका चुनौती तथा सम्भावना | १० |
| **परिच्छेद ४:** | **उद्योग क्षेत्र** | |
| | ४.१ प्रमुख उद्योगको क्षमता उपयोग तथा उत्पादन | १२ |
| | ४.२ वागमती प्रदेशमा दर्ता भएका उद्योगको विवरण | १२ |
| | ४.३ औद्योगिक कर्जा | १३ |
| | ४.४ औद्योगिक क्षेत्रका चुनौती तथा सम्भावना | १५ |
| **परिच्छेद ५:** | **सेवा क्षेत्र** | |
| | ५.१ पर्यटन | १६ |
| | ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट | १६ |
| | ५.३ फण्ड ट्रान्सफर | १८ |
| | ५.४ शिक्षा | १८ |
| | ५.५ वित्तीय सेवा | १८ |
| | ५.६ स्वास्थ्य | २० |
| | ५.७ यातायात | २० |
| | ५.८ सेवा क्षेत्र कर्जा | २० |
| | ५.९ सहकारी | २१ |
| | ५.१० सेवा क्षेत्रका चुनौती तथा सम्भावना | २२ |

**परिच्छेद ६: पूर्वाधार र रोजगारी**

६.१ पूर्वाधार क्षेत्र २३
६.२ पूर्वाधार क्षेत्रका चुनौती तथा सम्भावना २३
६.३ रोजगारी २४
६.४ रोजगारी क्षेत्रका चुनौती तथा सम्भावना २६

**परिच्छेद ७: प्रादेशिक वित्त स्थिति**

७.१ प्रदेश सरकारी वित्त स्थिति २८
७.२ स्थानीय तहहरूको वित्त स्थिति २८

**परिच्छेद ८: आर्थिक परिदृष्य**

८.१ कृषि क्षेत्र ३०
८.२ औद्योगिक क्षेत्र ३०
८.३ सेवा क्षेत्र ३०
८.४ पूर्वाधार क्षेत्र ३१

## तालिका सूची


| शीर्षक | पेज नं. |
|---|---|
| तालिका २.१: प्रादेशिक आर्थिक परिसूचकहरू | ४ |
| तालिका ३.१: कृषि उपजले ढाकेको भू-क्षेत्र | ६ |
| तालिका ३.२: कृषि बालीको उत्पादन | ८ |
| तालिका ३.३: प्रमुख पशुपन्छीजन्य उत्पादन | ९ |
| तालिका ३.४: जिल्लागत कृषि कर्जा | १० |
| तालिका ४.१: वागमती प्रदेशमा २०८२ साउनदेखि २०८३ असार मसान्तसम्म दर्ता भएका उद्योगको विवरण | १२ |
| तालिका ४.२: जिल्लागत औद्योगिक कर्जा | १३ |
| तालिका ५.१: सार्वजनिक निर्माण तथा रियलस्टेट | १६ |
| तालिका ५.२: बागमती प्रदेशको फण्ड ट्रान्सफर विवरण | १८ |
| तालिका ५.३: बैंक तथा वित्तीय संस्थाका शाखाहरूको जिल्लागत विवरण | १९ |
| तालिका ५.४: यातायातका साधनको विवरण | २० |
| तालिका ५.५: जिल्लागत सेवा क्षेत्र कर्जा | २१ |
| तालिका ५.६: छनौटमा परेका ७ सहकारी संस्थाहरूको २०८३ असार मसान्तसम्मको विवरण | २१ |
| तालिका ६.१: सडक पूर्वाधारतर्फको भौतिक प्रगति | २३ |
| तालिका ६.२: राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमअन्तर्गत जिल्लागत रोजगारीको विवरण | २४ |
| तालिका ६.३: कुल श्रम स्वीकृतिको विवरण | २५ |
| तालिका ६.४: वागमती प्रदेशमा जिल्लागत वैदेशिक रोजगारीको विवरण | २५ |
| तालिका ७.१: प्रदेशगत खर्चको स्थिति | २८ |
| तालिका ७.२: प्रदेशगत प्राप्तिको स्थिति | २८ |
| तालिका ७.३: बागमती प्रदेशको स्थानीय तहहरूको प्राप्ति तथा खर्च विवरण | २९ |

## चार्ट सूची


| शीर्षक | पेज नं. |
|---|---|
| चार्ट २.१: आ.व. २०८२/८३ को प्रादेशिक रूपमा क्षेत्रगत योगदान | ४ |
| चार्ट ३.१: प्रमुख खाद्यान्न बालीले ढाकेको क्षेत्रफल | ६ |
| चार्ट ३.२: प्रमुख खाद्यान्न बालीहरूको उत्पादन स्थिति | ७ |
| चार्ट ३.३: सिँचाई क्षेत्रमा भएको विस्तार | ९ |
| चार्ट ४.१: आ.व. २०८२/८३ मा प्रमुख उद्योगहरूको क्षमता उपयोग | १२ |
| चार्ट ४.२: औद्योगिक कर्जा लगानी स्थिति | १४ |
| चार्ट ५.१: बागमती प्रदेशमा नमूना छनौटमा परेका होटलको अकुपेन्सी | १६ |
| चार्ट ५.२: निक्षेप तथा कर्जा स्थिति | १९ |
| चार्ट ७.१: स्थानीय तहहरूको राजस्व र खर्चको अवस्था | २९ |

## सारांश

### समष्टिगत स्थिति

१. राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८२/८३ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा ३.८५ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष २०८१/८२ मा यस्तो वृद्धिदर ४.४३ प्रतिशत रहने संशोधित अनुमान रहेको छ।

२. आर्थिक वर्ष २०८२/८३ को कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रको योगदान क्रमशः २४.४६ प्रतिशत, १३.७३ प्रतिशत र ६१.८१ प्रतिशत रहने अनुमान छ।

३. आर्थिक वर्ष २०८२/८३ मा बागमती प्रदेशको आर्थिक वृद्धिदर ५.४० प्रतिशत रहने प्रारम्भिक अनुमान छ। यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ११.२३ प्रतिशत, १२.२४ प्रतिशत र ७६.५३ प्रतिशत रहने अनुमान छ।

### कृषि क्षेत्र

४. आर्थिक वर्ष २०८२/८३ मा बागमती प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्र अघिल्लो बर्षको सोही अवधिको तुलनामा १.४ प्रतिशतले घटेको छ। त्यसैगरी, बाली उत्पादन भने ७.८ प्रतिशतले घटेको छ।

५. समीक्षा अवधिमा प्रमुख खाद्यान्न बालीमध्ये धान, मकै, गहुँ, कोदो, जौ र फापर उत्पादन क्रमशः ०.४ प्रतिशत, ०.३ प्रतिशत, २.५ प्रतिशत, ०.३ प्रतिशत, १३.६ प्रतिशत र २.५ प्रतिशतले बढेको छ। साथै, तरकारी तथा वागवानीको उत्पादन २.८ प्रतिशतले बढेको छ।

६. पशुजन्य उत्पादन अन्तर्गत दुध उत्पादन ०.७ प्रतिशतले र मासु उत्पादन ३.१ प्रतिशतले बढेको छ भने अण्डा उत्पादन ८.३ प्रतिशतले घटेको छ।

७. समीक्षा वर्षमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाबाट ३.३ प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह भएको छ।

### उद्योग क्षेत्र

८. समीक्षा अवधिमा यस प्रदेशका अध्ययनमा समेटिएका उद्योगको औसत उत्पादन क्षमता उपयोग ४१.०८ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा यस्ता उद्योगको क्षमता उपयोग औसतमा ३७.४९ प्रतिशत रहेको थियो।

९. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको औद्योगिक कर्जा कुल प्रवाहित कर्जाको ३६.८१ प्रतिशत रहेको छ।

### सेवा क्षेत्र

१०. समीक्षा अवधिमा नमुना छनौटमा परेका होटलहरूको औसत क्षमता उपयोग (अकुपेन्सी) ४७.९ प्रतिशत रहेको छ। २०८२ कात्तिकदेखि होटलहरुको अकुपेन्सी क्रमशः सुधार भएको देखिन्छ।

११. समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन सङ्ख्या ९.६ प्रतिशतले बढेको छ भने रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व १६.८ प्रतिशतले घटेको छ।

१२. बैंक तथा वित्तीय संस्थाले यस प्रदेशबाट सङ्कलन गरेको कुल निक्षेप २०८२ असार मसान्तको तुलनामा २०८३ असार मसान्तमा ९.७९ प्रतिशतले र कर्जा प्रवाह ९.०७ प्रतिशतले वृद्धि भएको छ।

१३. समीक्षा वर्षमा यस प्रदेशमा यातायात सवारी दर्ताको सङ्ख्या २० प्रतिशतले बढेको छ ।

## पूर्वाधार र रोजगारी

१४. समीक्षा वर्षमा बागमती प्रदेशमा ४९.५८ कि.मि. नयाँ सडक निर्माण भएको छ भने ग्राभेल र कालोपत्रे सडकको स्तरोन्नति क्रमशः १४३.६९ कि.मि. र ११७.९२ कि.मि. भएको छ । सोही वर्षमा ४४ वटा सडक पुल र ६ वटा झोलुंगे पुल निर्माण भएका छन् ।

१५. बागमती प्रदेशबाट आ.व. २०८२/८३ मा जम्मा १ लाख २९ हजार ६ सय ५१ जना वैदेशिक रोजगारीमा गएका छन् जुन कुल श्रम स्वीकृतिको १६.३७ प्रतिशत रहेको छ ।

१६. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमअन्तर्गत आ.व. २०८२/८३ मा बागमती प्रदेशमा ४ हजार ३ सय ४८ जनाले रोजगारी प्राप्त गरेका छन् ।

## प्रादेशिक वित्त स्थिति

१७. आर्थिक वर्ष २०८२/८३ मा बागमती प्रदेश सरकारले कुल रु.६७ अर्ब ४८ करोड बजेट विनियोजन गरेकोमा कुल विनियोजनको ६८.१८ प्रतिशत रु.४६ अर्ब खर्च भएको छ भने २०८३ असार मसान्तसम्म रु.३० अर्ब ६७ करोड राजस्व सङ्कलन भएको छ ।

# परिच्छेद १: अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले आर्थिक, वित्तीय र मौद्रिक नीति निर्माणको लागि आवश्यक सहयोग पुऱ्याउने उद्देश्यले मूल्य स्थिति, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, कर्जा विस्तार तथा विदेशी विनिमयजस्ता विषयमा तथ्याङ्क सङ्कलन, प्रशोधन गरी विभिन्न प्रकारका तथ्यपरक अध्ययन प्रतिवेदन सार्वजनिक गर्दै आएको छ । यसैक्रममा बैंकले मुलुकको वास्तविक क्षेत्रको स्थितिको विश्लेषण, सम्भावना र चुनौतीको पहिचान र सम्बन्धित क्षेत्रको परिदृश्यसमेत समावेश हुने आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ । यस्तो प्रतिवेदन अर्ध-वार्षिक र वार्षिक गरी वर्षको दुई पटक प्रकाशन हुने गरेको छ । अर्ध-वार्षिक प्रतिवेदन आर्थिक वर्षको पहिलो ६ महिना (साउनदेखि पुससम्म) को तथ्याङ्क तथा विवरणको आधारमा तर्जुमा हुने गरेको छ भने वार्षिक प्रतिवेदन वार्षिक तथ्याङ्क (साउनदेखि असार मसान्तसम्म) तथा विवरणको आधारमा तर्जुमा हुने गरेको छ । प्रतिवेदनमा जिल्लागत रूपमा कृषि, उद्योग, सेवा र निर्माण क्षेत्रको स्थिति, सम्भावना र चुनौती तथा परिदृश्य समावेश हुने गरेको छ ।

प्रस्तुत बागमती प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदन दोलखा, सिन्धुपाल्चोक, रसुवा, धादिङ, नुवाकोट, काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, रामेछाप, सिन्धुली, मकवानपुर र चितवन गरी कुल १३ वटा जिल्लाहरूको २०८२ साउनदेखि २०८३ असार मसान्तसम्मको तथ्याङ्क एवम् विवरणको आधारमा तयार गरिएको छ ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन

१.२.१. आर्थिक वर्ष २०८२/८३ मा बागमती प्रदेशको कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा हासिल भएको प्रगति तथा आगामी अवधिको आर्थिक परिदृश्य यस प्रतिवेदनमा समावेश गरिएको छ । त्यसैगरी, राष्ट्रिय अर्थतन्त्रमा बागमती प्रदेशको क्षेत्रगत हिस्सा तथा अन्य प्रदेशसँग आर्थिक स्थितिको तुलनात्मक स्थिति तथा प्रदेशका महत्वपूर्ण आर्थिक परिसूचकहरू समेत यस प्रतिवेदनमा समाबेश गरिएको छ । प्रतिवेदनमा कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा देखिएका सम्भावना र समस्या एवम् चुनौतीहरूका सम्बन्धमा संक्षिप्त विश्लेषण गरिएको छ ।

१.२.२. नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (दास्रो संसोधन २०८३ समेत) अनुसार यस प्रदेशका सबै जिल्लाहरूमा तोकिएका सरकारी कार्यालय, उद्योग, व्यापार र सेवा प्रदायक निकायहरूमा मूलत: स्थलगत सर्वेक्षण र सम्बन्धित निकायहरूबाट प्राप्त विवरणको आधारमा समेत यो प्रतिवेदन तयार गरिएको छ ।

१.२.३. अध्ययनको लागि तथ्याङ्क तथा विवरण देहायबमोजिम सङ्कलन गरिएको छ:

(क) कृषिसम्बन्धी तथ्याङ्क संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्रादेशिक भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय एवम् मातहतका निर्देशनालय, कृषि विकास कार्यालय, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट सङ्कलन गरिएको छ ।

(ख) औद्योगिक उत्पादनसम्बन्धी तथ्याङ्क नमुना छनौटमा परेका उद्योगबाट स्थलगत भ्रमण गरी सङ्कलन गरिएको छ ।

(ग) बैंकिङसम्बन्धी तथ्याङ्क बैंक तथा वित्तीय संस्थाहरूबाट सङ्कलन गरिएको छ । पर्यटनसँग सम्बन्धित तथ्याङ्क होटल व्यवसायी संघ एवम् नमुना छनौटमा परेका १२ वटा होटलहरूबाट, घरजग्गा नक्शापास सम्बन्धी तथ्याङ्क सम्बन्धित नगरपालिकाबाट सङ्कलन गरिएको छ ।

(घ) पूर्वाधारसम्बन्धी तथ्याङ्क अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग तथा पूर्वाधार विकास कार्यालयहरूबाट सङ्कलन गरिएको छ । तथ्याङ्क तथा सूचनाहरू सङ्कलनको लागि स्थलगत भ्रमणका अलावा इमेल, टेलिफोन, वेवसाइटलगायत विद्युतीय माध्यमको समेत प्रयोग गरिएको छ ।

## १.३ अध्ययनको सीमा

प्रस्तुत अध्ययनमा तथ्याङ्क सङ्कलनमा विभिन्न प्रकारका सीमाहरू रहेकोले अध्ययन प्रतिवेदनको उपयोगमा सजगता अपनाउनु आवश्यक छ ।

१.३.१. मुलुकमा संघीयता कार्यान्वयनमा आए पश्चात् तथ्याङ्क प्रदायक निकायहरूको पुनरसंरचना भएकोले तथ्याङ्क सङ्गठित तथा सु-व्यवस्थित गर्ने कार्यमा अझै पूर्णता आइसकेको छैन । फलस्वरूप: कृषि उत्पादन र पूर्वाधारलगायतका कतिपय विवरणहरूमा समयगत र निकायगत एकरूपता कायम हुन सकेको छैन ।

१.३.२. त्यसैगरी, यस प्रदेशमा सञ्चालित कतिपय उद्योगहरूको विवरण एकमुष्ट प्राप्त हुने भएकोले वागमती प्रदेशको मात्र विवरण प्राप्त गर्न कठिन हुने गरेको छ । कतिपय उद्योग व्यवसायहरूबाट तथ्याङ्क उपलब्ध गराउन हिच्किचाउने तथा समयमै उपलब्ध नहुनाका साथै अपूरो तथ्याङ्क उपलब्ध गराउने गरेकाले यथार्थ आर्थिक स्थितिको चित्रण गर्न कठिनाइ हुने गरेको छ ।

१.३.३. भौतिक निर्माणतर्फ, गाउँपालिकाहरूले निर्माण गरेका सडक, सिँचाई र खानेपानी आयोजनाहरूको जिल्लागत विवरण पर्याप्त मात्रामा उपलब्ध हुन सकेको छैन । सेवा क्षेत्रमा खासगरी पर्यटकको विवरण उपलब्ध गराउने निकाय एकभन्दा बढी भएको र प्रत्येक निकायहरूले उपलब्ध गराउने विवरणमा भिन्नता देखिने गरेको छ । प्रस्तुत अध्ययनमा छनौटमा परेका निकायहरूबाट प्राप्त विवरणलाई आधिकारिक मानिएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

प्रस्तुत प्रतिवेदनमा ८ परिच्छेद रहेका छन् । परिच्छेद १ मा अध्ययनको परिचय, परिच्छेद २ मा प्रदेशको तुलनात्मक स्थिति प्रस्तुत गरिएको छ । त्यसैगरी परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र र परिच्छेद ६ मा पूर्वाधार र रोजगारीको विश्लेषण गरिएको छ । यसैगरी, परिच्छेद ७ मा प्रादेशिक वित्त स्थितिसँग सम्बन्धित विवरण प्रस्तुत गरिएको छ भने परिच्छेद ८ मा आर्थिक परिदृश्यसम्बन्धी विवरण प्रस्तुत गरिएको छ ।

## परिच्छेद २
# प्रदेशको तुलनात्मक स्थिति

नेपाल सरकार, राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.६६ खर्ब पुग्ने अनुमान गरेको छ । कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमश: २४.०३ प्रतिशत, १४.१६ प्रतिशत र ६१.८१ प्रतिशत रहने अनुमान छ। अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान घट्दै गएको देखिन्छ भने सेवा क्षेत्रको योगदान बढ्दै गएको देखिन्छ । उद्योग क्षेत्रको योगदान भने विगत १० वर्षमा प्राय: स्थिर रहेको देखिन्छ ।

## २.१ राष्ट्रिय अर्थतन्त्रमा बागमती प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८२/८३ मा बागमती प्रदेशको आर्थिक वृद्धिदर ५.४० प्रतिशत रहने अनुमान छ। गत वर्ष यस्तो वृद्धिदर ५.२९ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.२४ खर्ब २३ अर्ब पुग्ने अनुमान छ।

समीक्षा वर्षमा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमश: ११.२३ प्रतिशत, १२.२४ प्रतिशत र ७६.५३ प्रतिशत रहने अनुमान छ। समीक्षा वर्षमा मुलुकको समग्र कृषि, उद्योग र सेवा क्षेत्रमा बागमती प्रदेशको अंश क्रमश: १७.१४ प्रतिशत, ३१.७४ प्रतिशत र ४५.४५ प्रतिशत रहने अनुमान छ। बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादनमध्ये थोक तथा खुद्रा व्यापारको अंश सबैभन्दा बढी (२१.७ प्रतिशत) रहेको छ। घरजग्गा कारोबारको अंश १४.६९ प्रतिशत, वित्तीय तथा बीमाको अंश ११.६८ प्रतिशत, कृषि, वन तथा मत्स्यपालनको अंश ११.४० प्रतिशत, यातायात तथा भण्डारणको अंश ९.३१ प्रतिशत तथा उत्पादनमूलक उद्योगको अंश ५.५७ प्रतिशत रहेको छ।

## २.२ अन्तर प्रदेश तुलना

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको प्रारम्भिक तथ्याङ्कका आधारमा प्रदेशहरूको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०८२/८३ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै (३६.७१ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (४.२० प्रतिशत) रहेको छ। कृषि क्षेत्रको उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा धेरै (२१.३६ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (५.५१ प्रतिशत) रहेको छ।

उद्योग क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै (३१.७४ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (२.९९ प्रतिशत) रहेको छ। यसैगरी, सेवा क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै (४५.४५ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (३.९७ प्रतिशत) रहेको छ।

**तालिका २.१: प्रादेशिक आर्थिक परिसूचकहरू** (आर्थिक वर्ष २०८२/८३)

| आर्थिक परिसूचक/ प्रदेश | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | १०४३.११ | ८६३.३३ | २४२३.१२ | ५९२.६८ | ९३६.७२ | २७७.२५ | ४६३.८९ | ६६००.१० |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.८० | १३.०८ | ३६.७१ | ८.९८ | १४.२० | ४.२० | ७.०३ | १००.०० |
| आर्थिक वृद्धिदर | ३.१३ | १.३१ | ५.४० | ५.०१ | २.८७ | २.९४ | ३.२८ | ३.८५ |
| कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | २१.३६ | १९.०४ | १७.१४ | ९.५९ | १७.५८ | ५.५१ | ९.७८ | १००.०० |
| उद्योग क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १९.७२ | ११.२५ | ३१.७४ | १२.०५ | १५.३५ | २.९९ | ६.९० | १००.०० |
| सेवा क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १२.७५ | ११.१९ | ४५.४५ | ८.०४ | १२.६१ | ३.९७ | ५.९९ | १००.०० |
| कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत) | | | | | | | | |
| कृषि क्षेत्र | ३२.४८ | ३४.९७ | ११.२३ | २५.६६ | २९.७६ | ३१.५२ | ३३.४३ | २४.०३ |
| उद्योग क्षेत्र | १७.६७ | १२.१८ | १२.२४ | १९.०० | १५.३२ | १०.०७ | १३.९१ | १४.१६ |
| सेवा क्षेत्र | ४९.८५ | ५२.८५ | ७६.५३ | ५५.३४ | ५४.९२ | ५८.४१ | ५२.६६ | ६१.८१ |

*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, जेठ २०८३ ।*

**चार्ट २.१: आ.व. २०८२/८३ को प्रादेशिक रूपमा क्षेत्रगत योगदान (प्रतिशतमा)**




*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय ।*

## २.३ प्रादेशिक चुनौती तथा सम्भावना

### २.३.१. प्रादेशिक चुनौती

१. रसुवा भोटेकोशी बाढीका कारण जलविद्युत, सडक, पुल लगायत अन्य भौतिक पूर्वाधारहरुमा भएको क्षति पछिको पुनर्निर्माण तथा पुर्नस्थापनाको कार्य जटिल र चुनौतीपूर्ण छ । सो क्षेत्रमा मानब बस्तीको उचित व्यवस्थापन र जीवनयापनलाई सामान्य बनाउनु ।

२. बढ्दो जलवायु परिवर्तनको कारण हिमाली पर्यावरणमा आएको परिवर्तनले गर्दा यस क्षेत्रमा सञ्चालित तथा निर्माणाधीन जलविद्युत परियोजनाहरुको दिगो व्यवस्थापन तथा सुरक्षा गर्नु ।

३. यस प्रदेशमा प्राकृतिक प्रकोपहरू जस्तै बाढी, पहिरो, भूस्खलनको जोखिम उच्च रहेकोले यस्ता प्रकोपहरूलाई रोकथाम गर्दै ती प्रकोपहरूबाट हुने क्षतिलाई न्यूनीकरण गर्नु ।

४. शिक्षामा गुणात्मक विकास गर्ने कार्य तथा स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउनुका साथै सहज पहुँच विस्तार गर्नु ।

५. सहरी क्षेत्रमा बढ्दो जनसङ्ख्या वृद्धिले कृषियोग्य भूभाग सङ्कुचन हुनुका साथै पहाडी तथा हिमाली क्षेत्रमा बसाइसराइका कारण जमिन बाँझो हुने प्रवृत्तिका कारण कृषियोग्य जमिनको संरक्षण तथा उपयोगमा सन्तुलन मिलाउनु ।
६. जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपका कारण कृषि, जलविद्युत्, पूर्वाधार, उद्योग, सेवा क्षेत्रमा पर्न सक्ने असरलाई न्यूनीकरण गर्दै दिगो विकासका लागि आवश्यक लगानी बढाउनु ।
७. उपत्यकालगायत आसपासका क्षेत्रहरूमा जग्गाको मूल्यमा वृद्धि भएसँगै उद्योग स्थापनाका लागि निजी क्षेत्रले अधिक मूल्यमा जग्गा लिजमा लिनुपर्ने र सो कारण उत्पादित वस्तु तथा सेवाको उत्पादनलाई प्रतिस्पर्धात्मक बनाउनु ।

### २.३.२. प्रादेशिक सम्भावना

१. यस प्रदेशमा काठमाडौं, भक्तपुर, ललितपुरजस्ता ऐतिहासिक स्थलहरू छन् जसले धार्मिक सांस्कृतिक पर्यटनमा ठुलो योगदान पुऱ्याउने । नेपालको अन्तर्राष्ट्रिय विमानस्थलमध्ये सबैभन्दा व्यस्त विमानस्थल यसै प्रदेशमा रहेको र अन्य प्रदेशको तुलनामा पर्याप्त पर्यटकीय पूर्वाधार रहेको सन्दर्भमा पर्यटन क्षेत्रको विकासमार्फत प्रदेशको चौतर्फी विकास हुने ।

२. बाढीबाट प्रभावित पूर्वाधारहरुको पुनर्निर्माण समयमै हुन सके आर्थिक गतिविधि वृद्धि हुने ।

३. यस प्रदेशमा उपलब्ध भौगोलिक विविधता तथा अन्य प्रदेशहरूको तुलनामा कृषि, पर्यटन, जलविद्युत् तथा व्यापारका क्षेत्रमा रहेको लगानीका कारण रोजगारीको अवसर र आर्थिक वृद्धि हासिल गर्ने ।

४. सूचना प्रविधि तथा बढ्दो सञ्जालीकरणले उपलब्ध गराएको अवसरको उपयोगमार्फत प्रदेशमा दिगो आर्थिक वृद्धि हासिल गर्ने ।

५. यस प्रदेशमा रहेका उच्च बहावयुक्त नदी एवम् जलस्रोतको उच्चतम प्रयोगमार्फत जलविद्युत् उत्पादन बढाउने ।

६. कृषि क्षेत्रमा नवीनतम प्रविधि, गुणस्तरीय बिउ बीजन एवम् प्राविधिक सहजीकरणको उपयोग गरी कृषिमा व्यावसायीकरण गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने तथा भौगोलिक अवस्थिति अनुसार जडिबुटीको खेती गरी कृषकहरूको आयआर्जन एवम् सो उत्पादनहरूलाई अन्तिम वस्तुका रूपमा प्रशोधन गर्ने उद्योग स्थापना गरी बहुआयामिक लाभ लिन सक्ने ।

७. पर्यटकीय गन्तव्यहरूको प्रचारप्रसार गरी आन्तरिक एवम् बाह्य पर्यटकीय गतिविधिसँग सम्बन्धित सेवामूलक उद्योग स्थापना गरी प्रत्यक्ष तथा परोक्ष रोजगारीका अवसर सिर्जना गर्ने ।

# परिच्छेद ३: कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

**खाद्य तथा अन्य बाली** : आर्थिक वर्ष २०८२/८३ मा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल १.४ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ७.८ प्रतिशतले घटेको थियो। समग्र खाद्य तथा अन्य बालीको क्षेत्रफलमा मकै बालीको क्षेत्रफल सबैभन्दा धेरै ३८.४४ प्रतिशत रहेको छ। साथै, धान बालीको क्षेत्रफल २३.५३ प्रतिशत र कोदो बालीको क्षेत्रफल ११.६५ प्रतिशत रहेको छ। जौ बालीको क्षेत्रफल ०.२९ प्रतिशत र फापर बालीको क्षेत्रफल ०.५६ प्रतिशत रहेको छ।

**चार्ट ३.१ : प्रमुख खाद्यान्न बालीहरूले ढाकेको क्षेत्रफल (हजार हेक्टरमा)**




*स्रोत: कृषि विकास कार्यालयहरु, कृषि विकास निर्देशनालय।*

**तरकारी तथा वागवानी :** समीक्षा वर्षमा तरकारी तथा वागवानी बालीले ढाकेको क्षेत्रफल ३.२ प्रतिशतले घटेको छ। गत वर्ष यस्तो क्षेत्रफल ३.९ प्रतिशतले बढेको थियो।

**फलफूल तथा मसला :** समीक्षा वर्षमा फलफूल बालीले ढाकेको क्षेत्रफल ३.० प्रतिशतले घटेको छ भने मसला बालीले ढाकेको क्षेत्रफल ७.९ प्रतिशतले बढेको छ। गत वर्ष फलफूल बालीले ढाकेको क्षेत्रफल १३.० प्रतिशतले घटेको थिया भने मसला बालीले ढाकेको क्षेत्रफल १०.७ प्रतिशतले बढेको थियो।

**तालिका ३.१: कृषि उपजले ढाकेको भू–क्षेत्र**

| जिल्ला | क्षेत्रफल (हेक्टर) | | | | प्रदेशमा जिल्लागत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला |
| दोलखा | २२८३२ | २०४९ | ६११ | ८२० | ४.४ | ३.६ | ४.६ | ८.१ |
| सिन्धुपाल्चोक | ६६९०२ | ४१४६ | २५० | १२६९ | १२.९ | ७.३ | १.९ | १२.५ |
| रसुवा | ९७८९ | १८०० | ५०६ | ३७५ | १.९ | ३.२ | ३.८ | ३.७ |
| धादिङ | ४७३८७ | ७१०५ | २०५४ | ६१६ | ९.१ | १२.६ | १५.४ | ६.१ |
| नुवाकोट | ५१६९९ | ५७९८ | १५४० | ८७० | १०.० | १०.३ | ११.६ | ८.६ |
| काठमाडौं | १५२०४ | ३२९५ | १५६ | ८१ | २.९ | ५.८ | १.२ | ०.८ |
| भक्तपुर | ७६९४ | १०१४ | २१ | ३५ | १.५ | १.८ | ०.२ | ०.३ |
| ललितपुर | २१६५७ | ३५०७ | १०० | २५१ | ४.२ | ६.२ | ०.८ | २.५ |
| काभ्रेपलाञ्चोक | ५८५२६ | ११३९६ | १२५० | ११२३ | ११.३ | २०.२ | ९.४ | ११.० |
| रामेछाप | ४४२५३ | ३५०८ | ७६५ | ५११ | ८.५ | ६.२ | ५.७ | ५.० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **सिन्धुली** | ६६२९८ | २०७१ | ४४०९ | २४६३ | १२.८ | ३.७ | ३३.१ | २४.२ |
| **मकवानपुर**[P] | ३६७४६ | ३४६१ | - | १३४९ | ७.१ | ६.१ | ०.० | १३.३ |
| **चितवन** | ६८९२१ | ७३८१ | १६५१ | ४०० | १३.३ | १३.१ | १२.४ | ३.९ |
| **जम्मा** | ५१७९०८ | ५६५३१ | १३३१३ | १०१६३ | १००.० | १००.० | १००.० | १००.० |

*स्रोतः कृषि विकास कार्यालयहरु, कृषि विकास निर्देशनालय ।*

*P: Provisional*

खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (१३.३ प्रतिशत) र भक्तपुर जिल्लाको हिस्सा सबैभन्दा कम (१.५ प्रतिशत) रहेको छ (तालिका ३.१) । तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा काभ्रेपलाञ्चोक जिल्लाको हिस्सा सबैभन्दा बढी (२०.२ प्रतिशत) र भक्तपुर जिल्लाको हिस्सा सबैभन्दा कम (१.८ प्रतिशत) रहेको छ । फलफूलले ढाकेको क्षेत्रफलमा सिन्धुली जिल्लाको हिस्सा सबैभन्दा बढी (३३.१ प्रतिशत) र भक्तपुर जिल्लाको हिस्सा सबैभन्दा कम (०.२ प्रतिशत) रहेको छ । यसैगरी, मसला बालीले ढाकेको क्षेत्रफलमा सिन्धुली जिल्लाको हिस्सा सबैभन्दा बढी (२४.२ प्रतिशत) रहेको छ भने भक्तपुर जिल्लाको हिस्सा सबैभन्दा कम (०.३ प्रतिशत) रहेको छ ।

## ३.२ कृषि उत्पादन

समीक्षा वर्षमा यस प्रदेशमा समग्र कृषि बालीको उत्पादन ०.९ प्रतिशतले घटेको छ । गतवर्ष सो उत्पादन २.७ प्रतिशतले बढेको थियो ।

३.२.१. **खाद्य तथा अन्य बाली :** समीक्षा अवधिमा धान, मकै, गहुँ, कोदो, जौ र फापर उत्पादन क्रमशः ०.४ प्रतिशत, ०.३ प्रतिशत, २.५ प्रतिशत, ०.३ प्रतिशत, १३.६ प्रतिशत र २.५ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा धान, मकै, गहुँ, जौं र फापर उत्पादन क्रमशः १.१ प्रतिशत, ५.१ प्रतिशत, २७.२ प्रतिशत, ३२.५ प्रतिशत र २७.२ प्रतिशतले घटेको थियो भने कोदो उत्पादन २.१ प्रतिशतले बढेको थियो ।

**चार्ट ३.२ : प्रमुख खाद्यान्न बालीहरूको उत्पादन स्थिति (हजार मे.टनमा)**




*स्रोतः कृषि विकास कार्यालयहरु, कृषि विकास निर्देशनालय ।*

३.२.२. **तरकारी :** समीक्षा अवधिमा तरकारीको उत्पादन २.८ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन १७.६ प्रतिशतले बढेको थियो ।

३.२.३. **फलफूल तथा मसला :** समीक्षा वर्षमा फलफूलको उत्पादन २.४ प्रतिशतले बढेको छ भने मसलाको उत्पादन १८.८ प्रतिशतले बढेको छ । गत वर्ष फलफूलको उत्पादन १५.० प्रतिशतले घटेको थियो भने मसलाको उत्पादन ७.१ प्रतिशतले बढेको थियो ।

### तालिका ३.२: कृषि बालीको उत्पादन

| जिल्ला | उत्पादन (मेट्रिक टन) | | | | प्रदेशमा जिल्लागत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला |
| दोलखा | १०१६०५ | २५०१५ | ४८१८ | १४२२ | ४.७ | २.२ | ३.७ | १.६ |
| सिन्धुपाल्चोक | २२६९१६ | ४९६८३ | १७४२ | ११६०३ | १०.५ | ४.४ | १.३ | १२.७ |
| रसुवा | ६२११२ | १४६३६ | ३१०९ | ३४७८ | २.९ | १.३ | २.४ | ३.८ |
| धादिङ | १६८३५४ | ११३७५१ | १४६६३ | ४८६५ | ७.८ | १०.० | ११.१ | ५.३ |
| नुवाकोट | २३८५८५ | ७११९८ | ११२३६ | ७३६३ | ११.० | ६.२ | ८.५ | ८.० |
| काठमाडौं | ७३९१६ | १३४४३६ | १५५३ | ९५८ | ३.४ | ११.८ | १.२ | १.० |
| भक्तपुर | ५२७१८ | ४२०८१ | २०० | १३०१ | २.४ | ३.७ | ०.२ | १.४ |
| ललितपुर | ९१२९५ | १३६८०८ | १०१५ | २८२२ | ४.२ | १२.० | ०.८ | ३.१ |
| काभ्रेपलाञ्चोक | ३६०३७१ | १९६८३२ | ९७४३ | ११७८१ | १६.७ | १७.३ | ७.४ | १२.९ |
| रामेछाप | १५१९७० | ३००५५ | ५१३८ | ३५६३ | ७.० | २.६ | ३.९ | ३.९ |
| सिन्धुली | २१६७३२ | ३०५३३ | २७४०४ | १३७५३ | १०.० | २.७ | २०.८ | १५.० |
| मकवानपुर P | १४८४४० | ८५२१० | – | २३१७४ | ६.९ | ७.५ | – | २५.३ |
| चितवन | २७००७२ | २१०४२९ | ५०९४३ | ५४६१ | १२.५ | १८.४ | ३८.७ | ६.० |
| **जम्मा** | २१६३०८५ | ११४०६६७ | १३१५६३ | ९१५४३ | १००.० | १००.० | १००.० | १००.० |

*स्रोत: कृषि विकास कार्यालयहरु, कृषि विकास निर्देशनालय ।*

*P: Provisional*

खाद्य तथा अन्य बालीको उत्पादनमा काभ्रेपलाञ्चोक जिल्लाको हिस्सा सबैभन्दा बढी १६.७ प्रतिशत र भक्तपुर जिल्लाको हिस्सा सबैभन्दा कम २.४ प्रतिशत रहेको छ । तरकारी तथा बागवानी उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी १८.४ प्रतिशत र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम १.३ प्रतिशत रहेको छ । फलफूल उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी ३८.७ प्रतिशत रहेको छ भने भक्तपुर जिल्लाको सबैभन्दा कम ०.२ प्रतिशत रहेको छ । त्यसैगरी, मसला उत्पादनमा मकवानपुर जिल्लाको हिस्सा सबैभन्दा बढी २५.३ प्रतिशत रहेको छ भने काठमाडौं जिल्लाको हिस्सा सबैभन्दा कम १.० प्रतिशत रहेको छ (तालिका ३.२) ।

## ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

**पशुपन्छी उत्पादन**: समीक्षा वर्षमा दुध उत्पादन ०.७ प्रतिशतले र मासु उत्पादन ३.१ प्रतिशतले बढेको छ भने अण्डा उत्पादन ८.३ प्रतिशतले घटेको छ । गत वर्ष दुध उत्पादन ७.१ प्रतिशतले, मासु उत्पादन १२.० प्रतिशतले र अण्डा उत्पादन ८.३ प्रतिशतले बढेको थियो ।

**माछा उत्पादन**: समीक्षा वर्षमा माछा उत्पादन ४.० प्रतिशतले बढेको छ । गत वर्ष माछा उत्पादन ४.५ प्रतिशतले बढेको थियो ।

**वनजन्य उत्पादन**: समीक्षा वर्षमा वनजन्य उत्पादनतर्फ काठ उत्पादन ८.६१ प्रतिशत र दाउरा उत्पादन १३५.०२ प्रतिशतले बढेको छ । गत वर्ष काठ उत्पादन ३६.१९ प्रतिशतले बढेको थियो भने दाउरा उत्पादन ५६.५८ प्रतिशतले घटेको थियो ।

### तालिका ३.३ : प्रमुख पशुपन्छीजन्य उत्पादन

| जिल्ला | उत्पादन | | | | प्रदेशमा जिल्लागत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दुध (हजार लिटर) | मासु (मे.टन) | अण्डा (हजार गोटा) | माछापालन (मे.टन) | दुध | मासु | अण्डा | माछापालन |
| दोलखा | १६५३५ | ५९०३ | ९८२२ | १६ | २.७ | ५.२ | १.६ | ०.३ |
| सिन्धुपाल्चोक | १३४८२ | २७५३ | २७०४ | १५ | २.२ | २.४ | ०.४ | ०.३ |
| रसुवा[P] | १८४४ | १०३८ | ६७३ | २ | ०.३ | ०.९ | ०.१ | ०.० |
| धादिङ | ४३६२८ | १२१०४ | २०६७० | ३२ | ७.० | १०.६ | ३.४ | ०.५ |
| नुवाकोट[P] | ३९५८९ | ९८४७ | ९४६० | ४३ | ६.४ | ८.६ | १.६ | ०.७ |
| काठमाडौं | २९८६१ | ८३७६ | ५९७५० | २३ | ४.८ | ७.४ | ९.८ | ०.४ |
| भक्तपुर | १२४१७ | ४२३७ | १०२१० | १२ | २.० | ३.७ | १.७ | ०.२ |
| ललितपुर | ६१५१२ | १११९३ | ९५६८८ | ३५ | ९.९ | ९.८ | १५.८ | ०.६ |
| काभ्रेपलाञ्चोक | १५२९८४ | १३२८१ | ३०७४५ | ९६ | २४.७ | ११.७ | ५.१ | १.६ |
| रामेछाप | ३९२७६ | ७७९८ | २४२२२ | २९ | ६.३ | ६.८ | ४.० | ०.५ |
| सिन्धुली | ४५७८४ | ११२०७ | २३७०८ | ४८९.० | ७.४ | ९.८ | ३.९ | ८.० |
| मकवानपुर | ६२५२३ | ७०६९ | ३८३३२ | ४२६ | १०.१ | ६.२ | ६.३ | ७.० |
| चितवन | ९९६९० | १९१८६ | २८११७४ | ४८९० | १६.१ | १६.८ | ४६.३ | ८०.० |
| जम्मा | **६१९१२५** | **११३९१३** | **६०७१५७** | **६१०९** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** |

*स्रोत;कृषि तथा पशुपन्छी विकास मन्त्रालय, पशु सेवा कार्यालयहरू ।*

*P: Provisional*

समीक्षा वर्षमा काभ्रेपलाञ्चोक जिल्लामा सबैभन्दा बढी (२४.७ प्रतिशत) दुध उत्पादन भएको छ भने रसुवा जिल्लामा सबैभन्दा कम (०.३ प्रतिशत) दुध उत्पादन भएको छ। मासु उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (१६.८ प्रतिशत) र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम (०.९ प्रतिशत) रहेको छ। अण्डा उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (४६.३ प्रतिशत) र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम (०.१ प्रतिशत) रहेको छ। यसैगरी, माछा उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (८०.० प्रतिशत) रहेको छ (तालिका ३.३)।

## ३.४ सिँचाई

समीक्षा वर्षसम्ममा यस प्रदेशको कुल खेती गरिएको (८ लाख ८ हजार ४ सय ७२ हेक्टर) क्षेत्रफलमध्ये १४.६ प्रतिशत (१ लाख १८ हजार १ सय ६० हेक्टर) क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ (चार्ट ३)।

### चार्ट ३.३ : सिँचाइ क्षेत्रमा भएको विस्तार (हजार हेक्टरमा)




*स्रोत: जिल्लास्थित जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय ।*

समीक्षा वर्षमा यस प्रदेशको कुल सिञ्चित क्षेत्रफल २.९९ प्रतिशतले वृद्धि भएको छ भने कुल खेती गरिएको क्षेत्रफल ०.०१ प्रतिशतले घटेको छ । गत वर्ष सिञ्चित क्षेत्रफल ५.७४ प्रतिशतले घटेको थियो भने कुल खेती गरिएको क्षेत्रफल २.८९ प्रतिशतले वृद्धि भएको थियो ।

## ३.५ कृषि कर्जा

२०८३ असार मसान्तमा यस प्रदेशस्थित बैंक तथा वित्तीय संस्थाबाट कृषि क्षेत्रमा प्रवाहित कर्जा २०८२ असार मसान्तको तुलनामा ०.९१ प्रतिशतले घटेर रु.१ खर्ब २० अर्बमा सिमित भएको छ । गत वर्ष यस्तो कर्जा १.३० प्रतिशतले बढेको थियो । यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले कुल कर्जाको ३.३ प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह गरेका छन् । कुल कृषि कर्जामध्ये बागमती प्रदेशमा प्रवाह भएको कृषि कर्जाको हिस्सा ३६.५७ प्रतिशत रहेको छ ।

कृषि क्षेत्रमा प्रवाहित कर्जामा काठमाडौं जिल्लाको हिस्सा सबैभन्दा बढी ५२.५३ प्रतिशत, चितवन जिल्लाको हिस्सा २१.७१ प्रतिशत, मकवानपुर जिल्लाको हिस्सा ४.७६ प्रतिशत, काभ्रेपलाञ्चोक जिल्लाको हिस्सा ४.१४ प्रतिशत र दोलखा जिल्लाको हिस्सा सबैभन्दा कम ०.३८ प्रतिशत रहेको छ (तालिका ३.४) । जिल्लागत कृषि कर्जाको अवस्था हेर्दा काठमाडौं र चितवनमा अधिकेन्द्रित भएको देखिन्छ । अधिकांश बैंक तथा वित्तीय संस्थाहरूको कर्जा सीमा बमोजिम केन्द्रीय एवम् क्षेत्रीय कार्यालयहरूबाट कर्जा स्वीकृत हुने र त्यस्ता कार्यालयहरू धेरैजसो काठमाडौं जिल्लामा भएको कारण सो जिल्लाहरूको कृषि कर्जाको हिस्सा बढी देखिने गरेको अनुमान छ ।

**तालिका ३.४ : जिल्लागत कृषि कर्जा**

| जिल्ला | कृषि कर्जा (रु दस लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| दोलखा | ४५६.९० | ०.३८ |
| सिन्धुपाल्चोक | १,१५०.११ | ०.९५ |
| रसुवा | ६५९.२० | ०.५५ |
| धादिङ | ४,०६८.०५ | ३.३७ |
| नुवाकोट | ३,५९४.३३ | २.९८ |
| काठमाडौं | ६३,३७७.८८ | ५२.५३ |
| भक्तपुर | २,९०२.५० | २.४१ |
| ललितपुर | ४,९३१.१८ | ४.०९ |
| काभ्रेपलाञ्चोक | ५,०००.१२ | ४.१४ |
| रामेछाप | ६७८.१५ | ०.५६ |
| सिन्धुली | १,९००.५६ | १.५८ |
| मकवानपुर | ५,७४४.०० | ४.७६ |
| चितवन | २६,१९०.७७ | २१.७१ |
| **जम्मा** | **१२०६५३.७४** | **१००** |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

## ३.६ कृषि क्षेत्रका चुनौती तथा सम्भावना

### ३.६.१ चुनौती

१. वागमती प्रदेशको कतिपय जिल्लाहरुमा अझैपनि निर्वाहमुखी प्रकृतिको खेती गरिने भएकोले व्यावसायिक कृषि, उत्पादकत्व वृद्धि गरी बजारमुखी उत्पादन वृद्धि गर्नु ।

२. खेतीयोग्य जमिनको खण्डीकरण, बाँझो राख्ने तथा घडेरीमा परिणत हुने क्रम बढेसँगै खेतीयोग्य जमिनको उपलब्धता घट्दै गएको हुनाले कृषियोग्य जमिनको संरक्षण गरी उत्पादन बढाउनु ।

३. किसानहरूले दुःख गरेर फलाएको कृषि उपजलाई सुरक्षित राख्न पर्याप्त चिस्यान केन्द्र (कोल्ड स्टोर) को व्यवस्था गर्नु ।

४. वास्तविक र साना किसानहरूका लागि आवश्यक परेका बेला बैंकबाट बिनाधितो वा सरल प्रक्रियामा कृषि ऋण उपलब्ध गराउनु चुनौतीपूर्ण छ । साथै प्राकृतिक प्रकोप, महामारी वा रोगव्याधिका कारण बालीनाली र पशुचौपाया नष्ट हुँदा कृषकलाई आर्थिक संकटबाट जोगाउन देशैभरि कृषि बीमाको प्रभावकारी कार्यान्वयन गर्नु ।

५. जलवायु परिवर्तनको अनिश्चितता र प्राकृतिक प्रकोपको उच्च जोखिमका कारण कृषि क्षेत्रमा वित्तीय संस्थाहरूको लगानी सुरक्षित गर्नु र जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गर्नु ।

६. कृषकदेखि उपभोक्तासम्मको आपूर्ति शृङ्खलालाई प्रभावकारी बनाई कृषक र उपभोक्तालाई अधिकतम लाभ उपलब्ध गराउनु।

७. गाउँघरका युवाहरू रोजगारीका लागि विदेशिने क्रम तीव्र बढेकाले कृषि क्षेत्रमा श्रमशक्तिको अभाव हटाउनु र जमिन बाँझो हुन नदिनु।

### ३.६.२ सम्भावना

१. ग्रामीण क्षेत्रमा वित्तीय संस्थाहरूको बढ्दो उपस्थितिसँगै साना किसानहरूका लागि नवप्रवर्तनकारी लघुवित्त र विनाधितो ऋणको पहुँच विस्तार गर्ने।

२. स्थानीय सरकारको पहलमा बागमती प्रदेशका पहाडी जिल्लामा बाँझो जमिनलाई नगदे बालीका लागि व्यवस्थित रूपमा उपयोग गर्न सके कृषि तथा पशुपालन क्षेत्रको उत्पादन र उत्पादकत्व दीर्घकालीन रूपमा वृद्धि हुने ।

३. नवप्रवर्तनकारी वित्तीय औजारहरू (Innovative Financial Instruments) र परियोजनामा आधारित कर्जा (Project–Based Lending) मार्फत युवा उद्यमीहरूलाई व्यावसायिक कृषिमा आकर्षित गर्ने ।

४. गाउँगाउँमा पशु स्वास्थ्य सेवाको विस्तार र खोप अभियान (Vaccination Campaigns) को सुदृढीकरण मार्फत खोरेत (FMD), पीपिआर (PPR) र लम्पी स्किन (Lumpy Skin) जस्ता विनाशकारी महामारीजन्य रोगहरूबाट पशुधनको रक्षा गर्ने ।

५. यस प्रदेशमा संघीय राजधानीबाहेक बनेपा, धुलिखेल, नारायणघाट, हेटौंडाजस्ता उच्च जनसङ्ख्या रहेका सहरहरू अवस्थित हुनुका कारण प्रशोधित खाद्यान्न, तरकारी, फलफूल, माछा, मासुलगायतका वस्तुहरूको लागि बजारको विस्तार गर्ने ।

६. वित्तीय साक्षरता र मोबाइल बैंकिङको विकासले दूरदराजका कृषकहरूलाई सिधै डिजिटल भुक्तानी र वित्तीय सेवाहरूसँग जोड्न सहज वातावरण निर्माण गर्ने ।

७. जडीबुटी तथा रैथाने बालीहरूको संरक्षण र प्रवर्द्धन गर्दै प्राङ्गारिक उत्पादनमा वृद्धि गरी आन्तरिक र बाह्य बजारमा बिक्री गर्ने ।

# परिच्छेद ४: उद्योग क्षेत्र

## ४.१ प्रमुख उद्योगको क्षमता उपयोग तथा उत्पादन

आर्थिक वर्ष २०८२/८३ मा बागमती प्रदेशका नमुना छनौटमा समेटिएका २४ वटा उद्योगहरुको भारित औसत क्षमता उपयोग ४१.०८ प्रतिशत रहेको छ। गत वर्ष यस्तो उद्योगहरुको औसत क्षमता उपयोग ३७.४९ प्रतिशत रहेको थियो। नमुना छनौटमा परेका उद्योगहरूमध्ये चाउचाउ उद्योगले सबैभन्दा बढी क्षमता उपयोग गरेको छ भने अन्य रासायनिक पदार्थ मध्येको ओइन्टमेन्ट उद्योगको क्षमता उपयोग सबैभन्दा कम रहेको छ। समीक्षा वर्षमा अध्ययनमा समेटिएका उद्योगहरूले ८,१२४ स्वदेशी र १०८ विदेशी गरी कुल ८,२३२ जनालाई रोजगारी प्रदान गरेका छन्।

**चार्ट ४.१: आ.व. २०८२/८३ मा प्रमुख उद्योगहरूको क्षमता उपयोग (प्रतिशतमा)**




*स्रोत: नमुना छनौटमा समेटिएका उद्योगहरू।*

## ४.२ बागमती प्रदेशमा दर्ता भएका उद्योगको विवरण

बागमती प्रदेशमा सञ्चालित अधिकांश उद्योगहरू काठमाडौं उपत्यका, चितवन र मकवानपुरमा अवस्थित छन्। यस प्रदेशमा रहेका प्रमुख उद्योगहरूमा छालाका जुत्ता, कपडाका जुत्ता, गलैंचा, पश्मिना, गार्मेण्ट, जीवजन्तुको आहार, चाउचाउ, बिस्कुट, पेय पदार्थ, इँटा, औषधी र सिमेन्ट उद्योगहरू पर्दछन्।

**तालिका ४.१ : बागमती प्रदेशमा २०८२ साउनदेखि २०८३ असार मसान्तसम्म दर्ता भएका उद्योगको विवरण**

| जिल्ला | उद्योग संख्या | रू. दश लाखमा | | | प्रस्तावित रोजगारी संख्या |
|---|---|---|---|---|---|
| | | कुल पुँजी | स्थिर सम्पत्ति | कार्यशील पुँजी | |
| दोलखा | १ | ७९२८.४६ | ७७०३.१८ | २२५.२७ | ३२ |
| सिन्धुपाल्चोक | ६ | १०३८४.३३ | १०२४१.२१ | १४३.१२ | ५६३ |
| धादिङ्ग | ९ | २४४६.९४ | १८१२.९७ | ६३३.९६ | ४२५ |
| नुवाकोट | ३ | २४४.३६ | १४४.६१ | ९९.७५ | ८८ |
| काठमाडौं | ४५१ | ६२९२४.६ | २४२७८.१८ | ३८६४६.०९ | १४५७३ |
| भक्तपुर | ४३ | ८८९८.११ | ८४९६.८९ | ४०१.२१ | १७९१ |
| ललितपुर | ९१ | ७९७९.४९ | ६३७०.३८ | १६०९.११ | १९०९ |
| काभ्रेपलाञ्चोक | १३ | ५४२७.०३ | ४७९७.२५ | ६२९.७८ | ७०७ |
| रामेछाप | १ | ७४३५.९१ | ७३८० | ५५.९१ | ३० |
| मकवानपुर | १० | ७८५९.७ | ५६९७.५४ | २१६२.१५ | २५७४ |
| सिन्धुली | २ | २६४१० | २३५२५.५ | २८८४.५ | ५१५६ |
| चितवन | १६ | ३३४९.६३ | ३०४९.६४ | २९९.९८ | ८०१ |
| **जम्मा (कुल)** | **६४६** | १५१२८८.५६ | १०३४९७.३५ | ४७७९०.८३ | **२८६४९** |

*स्रोत: उद्योग विभाग ।*

आर्थिक वर्ष २०८२ साउनदेखि २०८३ असार मसान्तसम्म यस प्रदेशमा दर्ता भएका ६४६ वटा उद्योगहरूको प्रस्तावित कुल पुँजी रु. १ खर्ब ५१ अर्ब २८ करोड रहेको छ। प्रस्तावित उद्योगहरूले कुल २८ हजार ६ सय ४९ जनालाई रोजगारी दिन सक्ने देखिन्छ।

## ४.३ औद्योगिक कर्जा

२०८३ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूले यस प्रदेशका उद्योगहरूमा प्रवाह गरेको कर्जा २०८२ असार मसान्तको तुलनामा १०.१८ प्रतिशतले वृद्धि भई रु.१३ खर्ब ३४ अर्ब ३५ करोड पुगेको छ। गत वर्ष यस्तो कर्जा १३.८३ प्रतिशतले वृद्धि भई रु.१२ खर्ब ११ अर्ब ५ करोड पुगेको थियो। यस प्रदेशमा प्रवाह भएको कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश ३६.८१ प्रतिशत रहेको छ। औद्योगिक कर्जामध्ये काठमाडौं जिल्लामा सबैभन्दा बढी रु.१२ खर्ब ३७ अर्ब ३१ करोड (९२.७३ प्रतिशत) कर्जा लगानी रहेको छ भने रसुवा जिल्लामा सबैभन्दा कम रु.१९ करोड (०.०१ प्रतिशत) कर्जा लगानी रहेको छ (तालिका ४.२)। अधिकांश औद्योगिक प्रतिष्ठानहरूको केन्द्रीय कार्यालय काठमाडौंमा रहेकोले औद्योगिक कर्जाको उच्च हिस्सा काठमाडौंमा देखिएको अनुमान छ।

**तालिका ४.२: जिल्लागत औद्योगिक कर्जा**

| जिल्ला | रकम (रु. दस लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| दोलखा | ६९०.५४ | ०.०५ |
| सिन्धुपाल्चोक | ५८९.४८ | ०.०४ |
| रसुवा | १९७.२९ | ०.०१ |
| धादिङ | २,२११.४२ | ०.१७ |
| नुवाकोट | १,६५४.०५ | ०.१२ |
| काठमाडौं | १,२३७,३१५.५४ | ९२.७३ |
| भक्तपुर | ८,८८५.०४ | ०.६७ |
| ललितपुर | ३२,३१५.७२ | २.४२ |
| काभ्रेपलाञ्चोक | ४,९३३.८७ | ०.३७ |
| रामेछाप | ६११.८६ | ०.०५ |
| सिन्धुली | १,३३७.४६ | ०.१० |
| मकवानपुर | ९,३५३.५५ | ०.७० |
| चितवन | ३४,२५५.०९ | २.५७ |
| **जम्मा** | १३३४३५०.९१ | १००.०० |

*स्रोत: नेपाल राष्ट्र बैंक।*

कुल औद्योगिक कर्जामा विद्युत्, ग्याँस तथा पानी उद्योगको हिस्सा ३७.० प्रतिशत, गैरखाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगको हिस्सा २९.३ प्रतिशत, कृषि, वन तथा पेय पदार्थ उत्पादनसम्बन्धी उद्योगको हिस्सा १५.४ प्रतिशत, निर्माण उद्योगको हिस्सा १४.४ प्रतिशत, धातुका सामान उत्पादन, मेसिनरी तथा इलेक्ट्रोनिक उद्योगको हिस्सा ३.३ प्रतिशतले र खानी उत्पादनसम्बन्धी उद्योगको हिस्सा ०.५ प्रतिशत रहेको छ।

**चार्ट ४.२: औद्योगिक कर्जा लगानी स्थिति (रु.अर्बमा)**




*स्रोत: नेपाल राष्ट्र बैंक ।*

कुल औद्योगिक कर्जामध्ये कृषि, वन तथा पेय पदार्थ उत्पादनसम्बन्धी उद्योगमा १३.०७ प्रतिशतले, विद्युत्, ग्याँस तथा पानीमा ११.८ प्रतिशतले, निर्माण उद्योगमा २३.९७ प्रतिशतले र गैरखाद्य वस्तु उत्पादनसम्बन्धी उद्योगमा २.६० प्रतिशतले र धातुका सामान उत्पादन, मेसिनरी तथा इलेक्ट्रोनिक उद्योगमा २.८३ प्रतिशतले कर्जा बढेको छ भने खानी उत्पादनसम्बन्धी उद्योगमा ११.०८ प्रतिशतले कर्जा घटेको छ ।

**बक्स नं. १ रिद्धि सिद्धि सिमेन्ट, मकवानपुर**



वागमती प्रदेशको मकवानपुर जिल्लाको रातोमाटेमा अवस्थित रिद्धि सिद्धि सिमेन्ट वि.सं.२०७३ फागुनमा पब्लिक लिमिटेड कम्पनीको रूपमा स्थापना भएको हो । वि.सं.२०७५ देखि व्यावसायिक उत्पादन सुरु गरेको रिद्धि सिद्धि सिमेन्टले मुख्य रुपमा क्लिंकर र सिमेन्ट उत्पादन गर्दै आएको छ ।

आर्थिक वर्ष २०८१/८२ सम्ममा कम्पनीको अधिकृत पूँजी ५ अर्ब रुपैयाँ र चुक्ता पूँजी ३.२९ अर्ब रुपैयाँ रहेको छ । उद्योगमा शतप्रतिशत आन्तरिक शेयर तथा ऋण लगानी सञ्चालित छ भने कुल ऋण १०.८१ अर्ब रुपैयाँ रहेको छ। यस फर्मले व्यवसाय विस्तार तथा क्षमता अभिवृद्धि गर्ने क्रममा बैंकबाट कर्जा उपभोग गरिरहेको छ ।

हाल यस कम्पनीले १९४ जना व्यक्तिहरूलाई रोजगारी दिएको छ । जसमध्ये १६९ जना पुरुष र २५ जना महिला कर्मचारी रहेका छन् । साथै, यस कम्पनीले समुदायप्रति आफ्नो दायित्वलाई बुझ्दै संस्थागत सामाजिक उतरदायित्व (Corporate Social Responsibility) अन्तर्गत विभिन्न रणनीतिक कार्यक्रमहरूमार्फत दिगो एवम् सकारात्मक प्रभावहरू सिर्जना गर्दै आइरहेको छ ।

ऊर्जा खपततर्फ उद्योगले नेपाल विद्युत प्राधिकरणको केन्द्रीय प्रसारण लाइन (विगत वर्षमा करिब ३ करोड ७५ लाख KWH) का साथै जेनेरेटर, कोइला र डिजेलको प्रयोग गर्दै आएको छ । बजारमा सिमेन्टको न्यून मागका कारण उद्योगले आफ्नो कुल क्षमताको ५५% मात्र उपयोग गर्न सकेको छ । यसका साथै स्थानीय स्तरमा हुने अवरोध, पाटपुर्जा आयातमा लाग्ने समय र लोडसेडिङ तथा प्रशासनिक ढिलासुस्तीका कारण उत्पादन लागत बढ्नु उद्योगका मुख्य चुनौतीहरू रहेका छन् ।

*स्रोत : स्थलगत सर्वेक्षण ।*

## ४.४ औद्योगिक क्षेत्रको चुनौती तथा सम्भावना

### ४.४.१ चुनौती

१. प्राकृतिक प्रकोपका कारण क्षतिग्रस्त सडक पूर्वाधार समयमै पुनर्निर्माण नहुँदा कच्चा पदार्थ ढुवानी र उत्पादित वस्तुको बजारीकरणमा समस्या उत्पन्न भई उद्योगहरूको सञ्चालन खर्च बढेकोले समयमै सडकहरूको पुनर्निर्माण/स्तरोन्नति गरी ढुवानी सहज बनाउनु ।

२. उद्योगहरू कच्चा पदार्थ र इन्धनका लागि आयातमा अत्यधिक निर्भरताले गर्दा अन्तर्राष्ट्रिय बजारमा हुने मूल्यवृद्धिको सीधा असर नेपाली उत्पादनमा पर्न गई उत्पादन मितव्ययी बनाउनु ।

३. भारत र चीन जस्ता ठूला छिमेकी मुलुकहरूबाट भन्सार छलेर वा वैधानिक रूपमा आउने सस्ता सामानहरूसँग नेपाली उत्पादनले बजारमा प्रतिस्पर्धा गर्नु ।

४. दक्ष जनशक्ति र कच्चा पदार्थको अभाव, बजारको संकुचन, युवा पलायन र सुस्त आर्थिक वृद्धिका बीच नयाँ उद्योग स्थापना तथा उत्पादकत्व वृद्वि गर्नु ।

५. घरेलु उत्पादन क्षेत्रमा आधुनिक प्रविधिको न्यून उपयोग र श्रम-आधारित कार्यप्रणालीको बाहुल्यता कायम हुनुका साथै अनुसन्धान र नवप्रवर्तन (R&D) मा पर्याप्त लगानी हुन नसक्दा नेपाली उत्पादनहरूले अपेक्षित गुणस्तर हासिल गरी अन्तर्राष्ट्रिय बजारमा बलियो उपस्थिति जनाउनु ।

६. धितोमा आधारित कर्जा विस्तार पद्धतिले साना तथा मझौला उद्योगका लागि वित्तीय स्रोतको उपलब्धता बढाउनु ।

७. राष्ट्रमा विद्युत उत्पादनको क्षमता बढे पनि औद्योगिक क्षेत्रले गुणस्तरीय विद्युतको अभाव झेलिरहेको छ । भोल्टेजको अस्थिरता र छिटो-छिटो हुने ट्रिपिङका कारण सिर्जना हुने प्राविधिक अवरोधले गर्दा, उद्योगहरू महँगो जीवाश्म इन्धनमा निर्भर हुन पुग्दा उत्पादन लागत (Cost of Production) न्यूनतम गर्नु ।

८. विश्वबजारमा आपूर्तिजन्य असहजता र करका प्रावधानहरू लगायतका व्यवधानले कतिपय निर्यातजन्य उद्योगहरूको निकासीमा अन्यौल देखिनु ।

### ४.४.२ सम्भावना

१. घट्दो ब्याजदरको अवस्थामा उद्योगीहरूले बैंक तथा वित्तीय संस्थाबाट थप कर्जा उपयोग गरी औद्योगिक उत्पादन र रोजगारी बढ्न सक्ने ।

२. विश्वका दुई विशाल अर्थतन्त्र भारत र चीनको बीचमा रहेको रणनीतिक अवस्थितिले गर्दा नेपालमा उत्पादित वस्तुहरू सजिलै यी ठूला छिमेकी बजारहरूमा निर्यात गर्न सकिने ।

३. वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरूलाई सीप अनुसारको व्यवसाय सञ्चालनको लागि प्रोत्साहन गर्न सके उत्पादन र रोजगारी अभिवृद्धि गर्न सक्ने ।

४. हिमाली भेगको पानी र जडिबुटी प्रशोधन/ब्राण्डिङ गरी बिक्री वितरण गर्ने निर्यात उद्योगहरूको क्षमता विस्तार तथा थप उद्योग स्थापना गरी निर्यात गर्न सकिने ।

५. जलविद्युत् उत्पादनको द्रुत वृद्धिले उद्योगहरूका लागि किफायती एवम् स्वच्छ ऊर्जा सुनिश्चित गर्दै उत्पादन लागत घटाउन ठूलो मद्दत पुऱ्याउने देखिन्छ । विश्वभर दिगो विकासको बहस चलिरहेका बेला, यही हरित ऊर्जाको उपयोग गरी हाइड्रोजन इन्धन र विद्युतीय सवारी साधन जस्ता वातावरणमैत्री 'ग्रीन उद्योग' मा नेतृत्वदायी भूमिका खेल्न सक्ने ।

# परिच्छेद ५: सेवा क्षेत्र

## ५.१ पर्यटन

आर्थिक वर्ष २०८२/८३ मा अध्ययनमा समेटिएका होटलहरूको औसत अकुपेन्सी ४७.०९ प्रतिशत रहेको छ । २०८२ कात्तिकदेखि होटलहरुको अकुपेन्सी क्रमशः सुधार भएको देखिन्छ । २०८३ जेठमा सबैभन्दा धेरै ५८.८१ प्रतिशत र २०८२ असोजमा सबैभन्दा कम ३६.५७ प्रतिशत अकुपेन्सी रहेको छ । आर्थिक बर्ष २०८२/८३ को साउन र असोज महिना बाहेकका महिनाहरुमा अकुपेन्सी ४० प्रतिशतभन्दा माथि रहेको छ । विदेशी पर्यटकका साथै आन्तरिक पर्यटकहरू बढेकाले होटल, रेष्टुरेन्ट तथा ट्रेकिङलगायतका पर्यटकीय गतिविधिहरू बढ्दै गएका छन् ।

**चार्ट ५.१ : बागमती प्रदेशमा नमुना छनौटमा परेका होटलको अकुपेन्सी (प्रतिशत)**




*स्रोतः स्थलगत सर्वेक्षण (२०८३) ।*

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन सङ्ख्या ९.६ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा सो सङ्ख्या २२.३१ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशनबापतको राजस्व १६.८ प्रतिशतले घटेर रु.२० अर्ब ६० करोड भएको छ । गत वर्षको सोही अवधिमा यस्तो राजस्व ४२.६८ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा घर/भवन नक्सापास सङ्ख्या ४ प्रतिशतले बढेको छ ।

**तालिका ५.१ : सार्वजनिक निर्माण तथा रियलस्टेट**

| शीर्षक | २०८२ असार | २०८३ असार | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन सङ्ख्या | ९८४३०.०० | १०४६२३.०० | ९.६ |
| घर/भवन स्थायी नक्सा पास सङ्ख्या | १४३६१.०० | १४९३५.०० | ४.० |
| घरजग्गा रजिष्ट्रेशन राजस्व (रु.करोडमा) | २४७६.६२ | २०६०.१० | -१६.८ |

*स्रोत : भूमि व्यवस्था तथा अभिलेख विभाग, महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका कार्यालय ।*
*१ घर/भवन स्थायी नक्सा पास सङ्ख्याको तथ्याङ्क बागमती प्रदेशका ३६ वटा स्थानीय तहमा आधारित ।*

**बक्स नं.२ लाङटाङ्ग राष्ट्रिय निकुञ्ज, आकर्षक पर्यटकीय गन्तव्य**

पूर्वमा सिन्धुपाल्चोक, पश्चिममा रसुवा, दक्षिणमा नुवाकोट जिल्लाका केही भुभागहरु समेटी उत्तरमा मित्रराष्ट्र चीनसम्म करिब १७१० वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको लाङटाङ्ग राष्ट्रिय निकुञ्ज बि.सं. २०५५ सालमा स्थापना भएको हो। प्राकृतिक सौन्दर्यता, जैविक विविधता, धार्मिक तथा साँस्कृतिक सम्पदा, ताल, हिमश्रृंखला, पर्वतारोहण, हिमाली पदयात्राका कारण यो निकुञ्ज स्वदेशी तथा विदेशी पर्यटकहरुको मुख्य आकर्षणको केन्द्र बनेको छ।

विशेषगरी लाङटाङ्ग लिरुङ्ग (७,२४३ मि.), हिमालचुली (७,८६४ मि.) जस्ता अग्ला हिमालहरुले यस निकुञ्जको प्राकृतिक सुन्दरता बढाएका छन्। यस निकुञ्जबाट निस्कने नदीहरु त्रिशुली पश्चिमतर्फ र सुनकोशी पूर्वतर्फ बगेका छन्। यस निकुञ्जमा चितुवा, हाब्रे (Red Panda), कस्तुरी मृग, हिमाली भालु, थार, घोरल, रातो बाँदर, लङ्गुर जस्ता वन्यजन्तु पाईन्छन्। त्यसैगरी, खोटे सल्ला, गोब्रे सल्ला, गुरास, विभिन्न किसिमका वनस्पति, फूल तथा चराचुरुङ्गीहरुले यस क्षेत्रको जैविक विविधतालाई मलजल गरेको पाईन्छ।





*स्रोतः Clicked by Santosh Paneru*

यस निकुञ्जमा हिन्दु तथा बौद्ध धर्मको पवित्र धार्मिकस्थल गोसाइँकुण्ड ताल र तिब्बती धर्मको 'बोन पो' गुम्बा, साहसिक पदयात्राको लागि लाङटाङ्ग पदमार्ग, लाङटाङ्ग क्षेत्र वरिपरी रहेको क्यान्जिन री र सेर्को री पिक, लाङटाङ्ग हिमनदीजस्ता धार्मिक तथा पर्यटकीय स्थलहरु रहेकोले प्रत्येक वर्ष हजारौ तीर्थयात्री र पर्यटकहरु यस क्षेत्रमा पुग्ने गर्दछन्। पर्यटन गतिविधिको विस्तारसँगै यस क्षेत्रको स्थानीय स्तरमा होटल, लज, यातायात, हस्तकलाका सामग्री, पर्वतारोहण सम्बन्धी व्यवसाय लगायतका आर्थिक गतिविधिमा वृद्धि भई रोजगारी र आयआर्जनका अवसर सिर्जना भएका छन्। यसले स्थानीय अर्थतन्त्रलाई महत्वपूर्ण योगदान गरेको देखिन्छ। यद्यपी सडक तथा अन्य पूर्वाधारको सिमितता, प्राकृतिक विपद, वातावरणीय संरक्षणको चुनौती तथा गुणस्तरीय पर्यटन सेवाको अभाव जस्ता चुनौतीहरु टड्कारो रुपमा रहेको देखिन्छ। साथै, २०८३ भदौ १० मा भोटेकोशी-त्रिशुली नदीमा आएको बिनासकारी बाढीले पर्यटनजन्य व्यवसाय, सडक लगायतका भौतिक पूर्वाधारमा भएको क्षतिका कारण यस प्रदेशको पर्यटन क्षेत्रमा नकारात्मक प्रभाव पारेको छ।

लाङटाङ्ग राष्ट्रिय निकुञ्ज प्राकृतिक धार्मिक, साँस्कृतिक तथा साहसिक पर्यटनका दृष्टिले बागमती प्रदेशको एक महत्वपूर्ण पर्यटकीय गन्तव्य हो। यस क्षेत्रको दिगो संरक्षण र व्यवस्थित पर्यटन विकासमार्फत प्रदेशको आर्थिक तथा सामाजिक विकासमा थप योगदान गर्न सक्ने सम्भावना रहेको छ।

*स्रोतः स्थलगत सर्वेक्षण।*

## ५.३ फण्ड ट्रान्सफर

२०८३ असार मसान्तमा बागमती प्रदेशमा रहेका १० वटा नोटकोषमा रु.६ अर्ब १८ करोड फण्ड ट्रान्सफर भइको छ भने उक्त नोटकोषहरुबाट रु.८ अर्ब ०१ करोड  फण्ड मुद्रा व्यवस्थापन विभागमा ट्रान्सफर भएको छ। समीक्षा वर्षमा बागमती प्रदेशमा रहेका १० वटा नोटकोषबाट मुद्रा व्यवस्थापन विभागमा कुल रु.१ अर्ब ८२ करोड फण्ड फिर्ता भएको छ। गत वर्षको सोही अवधिमा मुद्रा व्यवस्थापन विभागबाट उक्त नोटकोषहरुमा रु.१ अर्ब ९६ करोड फण्ड ट्रान्सफर भएको थियो।

**तालिका ५.२: बागमती प्रदेशको फण्ड ट्रान्सफर विवरण**

| जिल्ला (नोटकोष) | रकम (रु. करोडमा) | |
|---|---|---|
| | NRB to Notechest | Notechest to NRB |
| दोलखा | ८५.९३ | १.४६ |
| सिन्धुपाल्चोक | १४१.२९ | ० |
| रसुवा | ४७.०५ | ० |
| धादिङ | २३.६० | ० |
| नुवाकोट | ३५.३५ | ० |
| काभ्रेपलाञ्चोक | ० | १२३.८७ |
| रामेछाप | ० | ४.१५ |
| सिन्धुली | ८० | ० |
| मकवानपुर | ५१.८५ | ३६.७९ |
| चितवन | १५३.८९ | ६३५.१६ |
| **जम्मा** | **६१८.९६** | **८०१.४३** |

*स्रोत: मुद्रा व्यवस्थापन विभाग, नेपाल राष्ट्र बैंक*

## ५.४ शिक्षा

बागमती प्रदेशबाट प्रकाशित आर्थिक सर्वेक्षण २०८२/८३ अनुसार शैक्षिक सत्र २०८२ मा सामुदायिक विद्यालयको विद्यार्थी शिक्षक अनुपात आधारभूत तह (१-५) मा १३, आधारभूत तह (६-८) मा २९, माध्यामिक तह (९-१०) मा २१ र माध्यामिक तह (११-१२) मा ७२ रहेको छ। शैक्षिक सत्र २०८१ मा त्यस्तो अनुपात क्रमश १४, ३०, २१ र ५० रहेको थियो।

शैक्षिक सत्र २०८१ मा ६,६९२ विद्यालय सञ्चालनमा रहेकोमा शैक्षिक सत्र २०८२ मा सो सङ्ख्या १.३९ प्रतिशतले घटेर ६,५९९ रहेका छन्। त्यसैगरी, शैक्षिक सत्र २०८१ मा कुल विद्यार्थी सङ्ख्या १३ लाख ६८ हजार २ सय ३९ रहेकोमा शैक्षिक सत्र २०८२ मा ०.५६ प्रतिशतले बढेर कुल विद्यार्थी सङ्ख्या १३ लाख ७५ हजार ८ सय ६१ रहेको छ। शैक्षिक सत्र २०८२ मा भर्ना भएका १३ लाख ७६ हजार मध्ये ४४.६२ प्रतिशत विद्यार्थी सामुदायिक र ५५.३८ प्रतिशत संस्थागत विधालयमा भर्ना भएका छन्।

बाग्मती प्रदेशमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बाट सम्बन्धन प्राप्त गरी सञ्चालित १८ आङ्गिक शिक्षालय, ११५ सामुदायिक शिक्षालय र १५१ सार्वजनिक-निजी शिक्षालय गरी जम्मा २८४ शिक्षालयहरू रहेका छन्।

## ५.५ वित्तीय सेवा

बागमती प्रदेशमा २०८३ असार मसान्तसम्ममा वाणिज्य बैंकका १ हजार ७ सय ३०, विकास बैंकका ३ सय २९, वित्त कम्पनीका १ सय ११, लघुवित्त वित्तीय संस्थाका ७ सय ५२ तथा पूर्वाधार विकास बैंकको

१ गरी जम्मा २ हजार ९ सय २३ शाखा सञ्चालनमा रहेका छन्। यसमध्ये काठमाडौंमा सबैभन्दा बढी १ हजार १ सय २८ वटा शाखा सञ्चालनमा रहेका छन्।

**तालिका ५.३: बैंक तथा वित्तीय संस्थाका शाखाहरूको जिल्लागत विवरण**

| जिल्ला | २०८२ असार | २०८३ असार |
|---|---|---|
| दोलखा | ६६ | ६५ |
| सिन्धुपाल्चोक | ९६ | ९५ |
| रसुवा | ५२ | ५२ |
| धादिङ | १५२ | १५३ |
| नुवाकोट | ११६ | ११६ |
| काठमाडौं | १२०४ | ११२८ |
| भक्तपुर | १७३ | १७१ |
| ललितपुर | ३१८ | २९५ |
| काभ्रेपलाञ्चोक | १८६ | १८५ |
| रामेछाप | ५६ | ५६ |
| सिन्धुली | ११३ | ११४ |
| मकवानपुर | १५८ | १५७ |
| चितवन | ३४८ | ३३६ |
| **जम्मा** | **३०३८** | **२९२३** |

*स्रोतः नेपाल राष्ट्र बैंक।*

बैंक तथा वित्तीय संस्थाले यस प्रदेशबाट सङ्कलन गरेको कुल निक्षेप २०८२ असार मसान्तको तुलनामा ९.७९ प्रतिशतले वृद्धि भई २०८३ असार मसान्तमा रु.५२ खर्ब ६७ अर्ब २३ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो निक्षेप १०.८४ प्रतिशतले वृद्धि भएको थियो।

**चार्ट ५.२: निक्षेप तथा कर्जा स्थिति (रु.खर्बमा)**




*स्रोतः नेपाल राष्ट्र बैंक।*

बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको कर्जा २०८२ असार मसान्तको तुलनामा ९.०७ प्रतिशतले वृद्धि भई २०८३ असार मसान्तमा रु.३६ खर्ब २४ अर्ब ७७ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो कर्जा ११.३५ प्रतिशतले वृद्धि भएको थियो। प्रदेशमा २०८३ असार मसान्तमा कर्जा निक्षेप अनुपात ६८.८२ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो अनुपात ६९.२७ प्रतिशत रहेको थियो।

## ५.६ स्वास्थ्य

बागमती प्रदेशबाट प्रकाशित आर्थिक सर्वेक्षण २०८२/८३ अनुसार यस प्रदेशमा २०८२ फागुन मसान्तमा कुल प्रादेशिक अस्पताल १३, विशिष्टीकृत अस्पताल २७, आधारभूत अस्पताल (५-१५ शैया) ८०, अस्पताल (२५-५० शैया) ८२, अस्पताल (१००-३०० शैया) २५, प्रतिष्ठान तथा शिक्षण अस्पताल १३, जनस्वास्थ्य कार्यालय १३, आयुर्वेद तथा वैकल्पिक चिकित्सालय १३, आयुर्वेद औषधी उत्पादन केन्द्र १, प्राथमिक स्वास्थ्य केन्द्र २९, स्वास्थ्य चौकी ६४९, सहरी स्वास्थ्य केन्द्र १८७, आधारभूत स्वास्थ्य केन्द्र १९०, सामुदायिक स्वास्थ्य इकाई १८१, आयुर्वेद औषधालय ५०, निजी अस्पताल १७१०, नागरिक आरोग्य केन्द्र ५२ गरी जम्मा ३३०५ स्वास्थ्य संस्था रहेका छन् ।

यस प्रदेशमा सरकारी स्वास्थ्य सेवातर्फ ७७८ दरबन्दी सङ्ख्या रहेकोमा २०८२ फागुन मसान्तसम्म ४५८ जनाको मात्र स्थायी पदपूर्ति भएको छ । २०८२ फागुन मसान्तसम्मा प्रदेशको ८ सय ४८ वटा सामुदायिक माध्यमिक विद्यालयहरूमा 'एक विद्यालय एक नर्स कार्यक्रम' विस्तार भैसकेको छ । त्यसैगरी, स्वास्थ्य बीमा कार्यक्रम प्रदेशका १३ वटै जिल्लामा कार्यान्वयनमा रहेको र २०८२ फागुन मसान्तसम्म बीमित परिवारको सङ्ख्या ३ लाख ३० हजार ४२ पुगेको छ, जुन गत आर्थिक वर्षमा ४ लाख ४५ हजार ६१ रहेको थियो ।

## ५.७ यातायात

आर्थिक वर्ष २०८२/८३ मा बागमती प्रदेशमा सवारी दर्ता सङ्ख्या २०.० प्रतिशतले बढेर १ लाख ५८ हजार ३ सय ६५ पुगेको छ । यसमध्ये मोटरसाइकल सङ्ख्या २९.४० प्रतिशतले बढेको छ भने अन्य सवारी साधन सङ्ख्या १३.१० प्रतिशतले घटेको छ ।

**तालिका ५.४: यातायातका साधनको विवरण**

| विवरण | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ |
| मोटरसाइकल | ८०१५७ | १०२७६३ | १३२९४७ | २८.२० | २९.४० |
| अन्य | २३२५७ | २९२४६ | २५४१८ | २५.८० | -१३.१० |
| **यातायातका साधनको कुल सङ्ख्या** | **१०३४१४** | **१३२००९** | **१५८३६५** | **२७.७०** | **२०.००** |

*स्रोत: यातायात पूर्वाधार निर्देशनालय, डिभिजन सडक कार्यालय ।*

## ५.८ सेवा क्षेत्र कर्जा

२०८३ असार मसान्तमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा २०८२ असार मसान्तको तुलनामा ९.०१ प्रतिशतले वृद्धि भई रु.२१ खर्ब ६९ अर्ब ७४ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा १०.५५ प्रतिशतले बढेको थियो । यस प्रदेशमा प्रवाहित कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश ५९.८६ प्रतिशत रहेको छ ।

कुल सेवा क्षेत्रअन्तर्गत उपभोग्य क्षेत्रमा १८.३७ प्रतिशतले, वित्त, बीमा तथा अचल सम्पत्ति क्षेत्रमा १५.४४ प्रतिशतले, पर्यटन क्षेत्रमा १०.२९ प्रतिशतले, स्वास्थ्य र अन्य सामाजिक कार्य सम्बन्धी क्षेत्रमा ६.४४ प्रतिशतले, शिक्षा क्षेत्रमा ६ प्रतिशतले र थोक तथा खुद्रा व्यापार क्षेत्रमा ३.०८ प्रतिशतले कर्जा वृद्धि भएको छ भने घर, जग्गा कारोबारको सेवा क्षेत्रमा १.१५ प्रतिशतले, यातायात, भण्डारण र सञ्चार क्षेत्रमा ५.१५ प्रतिशतले कर्जा घटेको छ ।

**तालिका ५.५: जिल्लागत सेवा क्षेत्र कर्जा**

| जिल्ला | रकम (रु.दस लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| दोलखा | ४,९८३.९३ | ०.२३ |
| सिन्धुपाल्चोक | ५,५१६.०४ | ०.२५ |
| रसुवा | २,२१३.५३ | ०.१० |
| धादिङ | २१,८५०.०८ | १.०१ |
| नुवाकोट | १४,६४८.७५ | ०.६८ |
| काठमाडौं | १,६४९,३५७.७७ | ७६.०२ |
| भक्तपुर | ६७,३९४.३६ | ३.११ |
| ललितपुर | १६६,४८२.२५ | ७.६७ |
| काभ्रेपलाञ्चोक | ४७,०३०.३६ | २.१७ |
| रामेछाप | ३,९५०.२० | ०.१८ |
| सिन्धुली | ११,१२४.३६ | ०.५१ |
| मकवानपुर | ४६,९९१.६७ | २.१७ |
| चितवन | १२८,२३१.३६ | ५.९१ |
| **जम्मा** | २,१६९,७७४.६७ | १००.०० |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

सेवा क्षेत्रअन्तर्गत प्रवाह भएको कर्जामा काठमाडौं जिल्लाको अंश सबैभन्दा बढी (७६.०२ प्रतिशत) र रसुवा जिल्लाको अंश सबैभन्दा कम (०.१० प्रतिशत) रहेको छ ।

## ५.९ सहकारी

यस प्रदेशको नमुना अध्ययन छनौटमा समेटिएका ७ वटा बचत तथा ऋण सहकारी संस्थाहरुको २०८३ असार मसान्तमा कुल पुँजी रु.९५ करोड १६ लाख रहेको छ । त्यसैगरी, यी सहकारी संस्थाहरूमा रहेको कुल बचत रकम २०८२ असार मसान्तको तुलनामा ०.०४ प्रतिशतले कमी भई २०८३ असार मसान्तमा रु.१२ अर्ब ३८ करोड ६० लाख रहेको छ । समीक्षा अवधिमा कुल कर्जा लगानी ०.३७ प्रतिशतले बढी रु.८ अर्ब ९७ करोड १६ लाख कायम हुन आएको छ । अध्ययनमा समेटिएका सहकारी संस्थाहरूको २०८३ असार मसान्तमा कुल ८६,२१५ सदस्यहरू र कुल १३८ जना कर्मचारीहरू रहेका छन् । समीक्षा वर्षमा नमुना छनौटमा समेटिएका सहकारी संस्थाहरूको सदस्य सङ्ख्या र कर्मचारी सङ्ख्या क्रमशः ७.२० प्रतिशत र ९.८० प्रतिशतले घटेको छ ।

**तालिका ५.६ : छनौटमा परेका ७ सहकारी संस्थाहरूको २०८३ असार मसान्तसम्मको विवरण**

| विवरण | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| **कुल पूँजी** *(रु. करोडमा)* | ९९.५९ | ९६.६३ | ९५.१६ | -२.९८ | -१.५२ |
| **कुल बचत** *(रु. करोडमा)* | १,२०८.०० | १,२३९.०४ | १,२३८.६० | २.५७ | -०.०४ |
| **कुल ऋण** *(रु. करोडमा)* | ९३१.४४ | ८९३.८५ | ८९७.१६ | -४.०४ | ०.३७ |
| **सदस्य सङ्ख्या** | १०१,१२४ | ९२,९०५ | ८६,२१५ | -८.१३ | -७.२० |
| **कर्मचारी सङ्ख्या** | २२४ | १५३ | १३८ | -३२.०० | -९.८० |

*स्रोतः नमुना छनौटमा परेका सहकारी संस्थाहरू ।*

## ५.१० सेवा क्षेत्रको चुनौती तथा सम्भावना

### ५.१०.१ चुनौती

१. हाल भोटेकोशी-त्रिशुली नदीमा आएको बाढीले रसुवा, नुवाकोट, धादिङ जिल्लामा रहेका होटल, रिसोर्ट, सडक, भवन, पुल लगायतका संरचनामा क्षति पुगेसँगै यातायात, पर्यटन लगायतका व्यवसायमा नकारात्मक प्रभाव पर्नु ।

२. उक्त भोटेकोशी-त्रिशुली नदीको बाढीबाट प्रभावित व्यवसायहरुमा बैंक तथा वित्तीय संस्थाहरुले गरेको कर्जा लगानी खराब कर्जामा परिणत हुन सक्ने र उक्त कर्जा असुल उपरमा समस्या हुनु ।

३. बागमती प्रदेशमा सवारी दर्ता संख्यामा भएको वृद्धि र सो अनुसार सडक पुर्वाधारको क्षमता अभिवृद्धि नभएकोले काठमाडौं उपत्यका लगायतका शहरी ईलाकाहरुमा ट्राफिक व्यवस्थापन गर्नु ।

४. बागमती प्रदेशमा स्वास्थ्य सेवातर्फ तोकिएको दरबन्दी संख्यामा आवश्यक जनशक्ति पदपूर्ति नभएको सन्दर्भमा स्वास्थ्य सेवालाई सरल र सहज तरिकाबाट स्वास्थ्य सेवाको प्रवाह गर्नु ।

५. बागमती प्रदेशमा शिक्षातर्फ सामुदायिक विद्यालयको विद्यार्थी शिक्षक अनुपात केही बढेको देखिएको र गुणस्तरीय शिक्षा प्रवाहमा आम जनमानसमा सकारात्मक दृष्टिकोण नहुनु ।

### ५.१०.२ सम्भावना

१. भोटकोशी-त्रिशुली नदीको बाढीबाट प्रभावित रसुवा, नुवाकोट, धादिङ लगायतका जिल्लाहरुका पर्यटन तथा यातायात पूर्वाधारहरुलाई वातावरण मैत्री (Climate Resilient) प्रविधिको प्रयोग गरी सार्वजनिक निजी साझेदारीमा पुनःनिर्माण गर्न सकेमा बागमती प्रदेशको पर्यटन लगायतका बाढीबाट प्रभावित व्यवसायलाई पुनः चलायमान बनाई दिगो आर्थिक गतिविधि बढाउन सकिने ।

२. काठमाडौं उपत्यका लगायतका शहरी क्षेत्रमा सवारी साधनको बढ्दो चाप र ट्राफिक जामलाई AI मा आधारित व्यवस्थित Traffic Lights लगायतका Intelligent Traffic System लागु गर्न सकेमा यातायात क्षेत्र थप मर्यादित र सहज हुने ।

३. स्वीकृत दरबन्दी अनुसारको स्वास्थ्य जनशक्तिको पदपूर्ति गरी दुर्गम क्षेत्रमा प्रविधिमैत्री Telemedicine सेवाको विस्तार गर्ने तथा चिकित्सकहरुलाई विशेष प्रोत्साहन प्याकेजद्वारा आकर्षित गरी आम नागरिकसम्म सरल, सहज र गुणस्तरिय स्वास्थ्य सेवा प्रवाह गर्न सकिने ।

४. सामुदायिक विद्यालयहरुको खस्किँदो साख उकास्त र बढ्दो विद्यार्थी-शिक्षक अनुपातलाई सन्तुलनमा राख्न स्मार्ट क्लासरुम तथा डिजिटल सिकाईलाई विस्तार गर्ने र विद्यार्थी संख्याका आधारमा शिक्षकहरुको वैज्ञानिक दरबन्दी मिलान गर्न सकेमा शिक्षाको गुणस्तरका साथै सामुदायिक विद्यालयप्रति आम जनमानसमा सकारात्मक दृष्टिकोण बढाउन सकिने ।

५. नयाँ अन्तर्राष्ट्रिय विमानस्थल र अत्याधुनिक होटलहरूको विस्तारले पर्यटन क्षेत्रमा विविधीकरण ल्याएको छ, जसले साहसिक पर्यटन, वेलनेस रिसोर्ट र सांस्कृतिक पर्यटनमा आधारित उद्योगहरूका लागि व्यावसायिक सफलताको अवसर सिर्जना गर्ने ।

# परिच्छेद ६: पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

वागमती प्रदेशमा पूर्वाधार क्षेत्रको विकासका लागि मुख्यतया सडक विभाग, जिल्ला पूर्वाधार विकास कार्यालय, स्थानीय तह, भवन निर्माण कार्यालयहरू क्रियाशील रहेका छन् ।

**तालिका ६.१: सडक पूर्वाधारतर्फको भौतिक प्रगति**

| विवरण | एकाई | आ.व. २०८०/८१ को प्रगति | आ.व. २०८१/८२ को प्रगति | आ.व. २०८२/८३ को प्रगति |
|---|---|---|---|---|
| नयाँ सडक निर्माण | कि.मि | १०६.१६ | ९०.४२ | ४९.५८ |
| ग्राभेल स्तरमा सडक स्तरोन्नति | कि.मि | ११७.८८ | १४८.९३ | १४३.६९ |
| कालोपत्रे स्तरमा सडक स्तरोन्नति | कि.मि | २१२.२९ | १७४.४९ | ११७.९२ |
| ढलान स्तरमा सडक स्तरोन्नति | कि.मि | १४७.०२ | १८७.७४ | १५५.३५ |
| सडक मर्मत (नियमित) | कि.मि | ४०५.०० | ५१०.६० | ५२०.०० |
| सडक पुल | गोटा | ३२ | ३८ | ४४ |
| झोलुंगे पुल | गोटा | १२ | ७ | ६ |

*स्रोत: भौतिक पूर्वाधार विकास मन्त्रालय, वागमती प्रदेश ।*

आर्थिक वर्ष २०८२/८३ मा नयाँ सडक निर्माण ४९.५८ कि.मि., ग्राभेल, कालोपत्रे र ढलान सडकको स्तरोन्नति क्रमशः १४३.६९ कि.मि., ११७.९२ कि.मि. र १५५.३५ भएको छ । साथै, सोही अवधिमा ५२० कि.मि. सडकको नियमित मर्मत भएको छ । त्यसैगरी, समीक्षा अवधिमा ४४ वटा सडक पुल र ६ वटा झोलुङ्गे पुल निर्माण भएका छन् ।

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती तथा सम्भावना

### ६.२.१. चुनौती

१. मनसुनजन्य विपद् (बाढी, पहिरो, डुबान) बाट प्रदेशको सडक, पुल तथा सहरी पूर्वाधारमा वर्षेनि हुने क्षतिको पुनर्निर्माण एवम् पूर्वाधारको दिगोपना सुनिश्चित गर्नु ।

२. सार्वजनिक खरिदमा हुने प्रक्रियागत झन्झटलाई सरलीकरण गर्नु, निर्माण व्यवसायीहरूमा व्यावसायिकता विकास गर्नु तथा ठेक्का लागेका आयोजनाहरू समयमै सम्पन्न गरी लाभ लिनु ।

३. तीव्र सहरीकरण, अव्यवस्थित बस्ती विस्तार तथा बढ्दो सवारी चापका कारण सहरी सडक, ढल निकास, खानेपानी, सार्वजनिक यातायात तथा फोहोरमैला व्यवस्थापनसम्बन्धी पूर्वाधारमा बढ्दो मागअनुरूप सेवा विस्तार गर्नु ।

४. प्रदेशका नीति, आवधिक योजना तथा वार्षिक बजेट कार्यक्रमबीच प्रभावकारी तादात्म्य कायम गरी स्रोतको प्राथमिकतापूर्ण र परिणाममुखी विनियोजन गर्नु ।

५. अपर्याप्त जनशक्ति एवम् प्राविधिक क्षमता र कठिन भौगोलिक बनावटका बाबजुद गुणस्तरीय, भूकम्पीय तथा जलवायु जोखिम सहनसक्ने पूर्वाधार निर्माण गर्नु ।

### ६.२.२. सम्भावना

१. जलवायु उत्थानशील सडक निर्माण सम्बन्धी मार्गदर्शन (२०८३) जारी गरी बायोइन्जिनियरिङ प्रविधि तथा डिजिटल अनुगमन प्रणाली अवलम्बन गरे दिगो र भरपर्दो पूर्वाधार निर्माण गर्न सकिने ।

२. पूर्वाधार निर्माण, उपयोग, संरक्षण तथा सम्वर्द्धनमा निजी क्षेत्र, सार्वजनिक-निजी साझेदारी (PPP) तथा जनस्तरको सहभागिता वृद्धि गरी स्वयंलाई उत्तरदायी बनाउँदै स्थानीय अर्थतन्त्रमा योगदान पुऱ्याउन सकिने ।

३. सार्वजनिक-निजी साझेदारी, निजी लगानी तथा वैकल्पिक वित्तीय स्रोत परिचालनमार्फत ठूला पूर्वाधार आयोजना कार्यान्वयन गर्न सकेमा प्रदेशको वित्तीय भार न्यूनीकरण गर्दै निर्माण तथा सेवा प्रवाहको दायरा विस्तार गर्न सकिने ।

४. पूर्वाधार आयोजनाको डिजिटल अनुगमन, भौगोलिक सूचना प्रणाली तथा नतिजामा आधारित मूल्याङ्कन प्रणालीको प्रयोग बढाउन सकेमा आयोजना कार्यान्वयनमा पारदर्शिता, जवाफदेहिता तथा प्रभावकारिता अभिवृद्धि गर्न सकिने ।

५. पर्यटन, कृषि, उद्योग तथा व्यापारसँग सम्बन्धित पूर्वाधारलाई प्राथमिकताका साथ विकास गर्न सकेमा उत्पादन, रोजगारी, आन्तरिक तथा बाह्य व्यापार र पर्यटन प्रवर्द्धनमा उल्लेखनीय योगदान पुग्ने ।

## ६.३ रोजगारी

राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमअन्तर्गत आ.व. २०८२/८३ मा बागमती प्रदेशमा ४ हजार ३ सय ४८ जनाले रोजगारी प्राप्त गरेका छन् । काभ्रेपलाञ्चोक जिल्लामा सबैभन्दा धेरै जनाले रोजगारी प्राप्त गरेका छन् (तालिका ६.२) ।

**तालिका ६.२: राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमअन्तर्गत जिल्लागत रोजगारीको विवरण**

| जिल्ला | कुल आयोजनाहरु | कुल रोजगारीमा सलंग्र व्यक्ति | कुल रोजगारीका दिनहरु |
|---|---|---|---|
| दोलखा | ११६ | ६५८ | ४४८५० |
| सिन्धुपाल्चोक | ९९ | ५४५ | ४१४२१ |
| रसुवा | २४ | १०४ | ९६८४ |
| धादिङ | १२४ | ४५२ | ३४७८५ |
| नुवाकोट | १०५ | ३६९ | ३२५०५ |
| काठमाडौं | ३३ | १६९ | १०८३१ |
| भक्तपुर | - | - | - |
| ललितपुर | ४० | १६३ | ७९५३ |
| काभ्रेपलाञ्चोक | ११५ | ५५० | २७३९४ |
| रामेछाप | ८० | ३८१ | ३१०६६ |
| सिन्धुली | १४६ | ४४८ | ३१०९६ |
| मकवानपुर | ८१ | ४४६ | ३०५५९ |
| चितवन | १७ | ६३ | ४४८७ |
| **जम्मा** | **९८०** | **४३४८** | **३०६६३१** |

*स्रोत : युवा,श्रम तथा रोजगार मन्त्रालय, राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम ।*

### ६.३.१. वैदेशिक रोजगारी

वैदेशिक रोजगार विभागका अनुसार बागमती प्रदेशमा २०८२ साउन १ देखि २०८३ असार मसान्तसम्म कुल ७ लाख ९२ हजार १ सय ८७ जनालाई वैदेशिक रोजगारीको लागि स्वीकृति प्रदान गरिएको छ। गत वर्षको सोही अवधिमा ८ लाख ३९ हजार २ सय ६६ जनालाई वैदेशिक रोजगारीको लागि स्वीकृति प्रदान गरिएको थियो। आर्थिक वर्ष २०८२/८३ मा सबैभन्दा धेरै ४८.७० प्रतिशत Re-entry मार्फत र सबैभन्दा कम ०.०९ प्रतिशत Legalization माध्यममार्फत वैदेशिक रोजगारीमा गएका छन् (तालिका ६.३)।

**तालिका ६.३: कुल श्रम स्वीकृतिको विवरण**

| विवरण | पुरुष | महिला | जम्मा | हिस्सा (%) |
|---|---|---|---|---|
| New Individual | ९८८४१ | २९६७९ | १२८५२० | १६.२२ |
| Recruiting Agency | २४१९७५ | २७०१५ | २६८९९० | ३३.९६ |
| Re-entry | ३४८८८५ | ३६८९८ | ३८५७८३ | ४८.७० |
| G2G (EPS Korea &Israel,UK) | ६९४५ | १२५२ | ८१९७ | १.०३ |
| Legalization | ४५० | २४७ | ६९७ | ०.०९ |
| **जम्मा** | **६९७०९६** | **९५०९१** | **७९२१८७** | **१००.००** |

*स्रोत: वार्षिक श्रम स्वीकृति विवरण २०८२/८३, वैदेशिक रोजगार विभाग।*

बागमती प्रदेशबाट आ.व. २०८२/८३ मा जम्मा १ लाख २९ हजार ६ सय ५१ जना वैदेशिक रोजगारीमा गएका छन् जुन कुल श्रम स्वीकृतिको १६.३७ प्रतिशत हो। जिल्लागत रूपमा सबैभन्दा धेरै १९ हजार ८ सय ३ (१५.२७ प्रतिशत) कामदार चितवन जिल्लाबाट वैदेशिक रोजगारीमा गएका छन् भने सबैभन्दा कम १ हजार ७ सय ७१ (१.३७ प्रतिशत) कामदार रसुवा जिल्लाबाट गएका छन् (तालिका ६.४)।

**तालिका ६.४: बागमती प्रदेशमा जिल्लागत वैदेशिक रोजगारीको विवरण**

| जिल्ला | Recruiting Agency | Individual New | G – to - G | Individual Re-entry | Total with re-entry | Total without Re-entry |
|---|---|---|---|---|---|---|
| दोलखा | २१४५ | १८५४ | १७८ | २९७२ | ७१५३ | ४१८१ |
| सिन्धुपाल्चोक | ३८१५ | ३४०६ | १७६ | ५४०९ | १२८३५ | ७४२६ |
| रसुवा | ५९८ | ५७१ | ११ | ५८९ | १७७१ | ११८२ |
| धादिङ | ४०८२ | ३०५९ | १३२ | ५७४३ | १३०२४ | ७२८१ |
| नुवाकोट | ३४९० | २५७३ | १२५ | ४९९१ | ११११९४ | ६२०३ |
| काठमाडौं | १७७० | २२८५ | ६७ | ४८३२ | ८९७५ | ४१४३ |
| भक्तपुर | १४३५ | १०५३ | ३० | १६७१ | ४१९३ | २५२२ |
| ललितपुर | १५७९ | ११३७ | ४० | २०५२ | ४८१२ | २७६० |
| काभ्रेपलाञ्चोक | ३९२० | २८२७ | १९५ | ५६१६ | १२५७३ | ६९५७ |
| रामेछाप | २३६९ | १७७३ | १७० | ३५४३ | ७८६३ | ४३२० |
| सिन्धुली | ४५९१ | १५३६ | १२७ | ४४३६ | १०६९७ | ६२६१ |
| मकवानपुर | ५५२० | २७९३ | २६० | ६१६६ | १४७५८ | ८५९२ |
| चितवन | ४६१२ | ४९८५ | ११२ | १००५७ | १९८०३ | ९७४६ |
| **जम्मा** | **३९९२६** | **२९८५२** | **१६२३** | **५८०७७** | **१२९६५१** | **७१५७४** |

*स्रोत: वार्षिक श्रम स्वीकृति विवरण २०८२/८३, वैदेशिक रोजगार विभाग।*

## ६.४ रोजगारी क्षेत्रका चुनौती तथा सम्भावना

### ६.४.१. चुनौती

१. श्रम बजारमा प्रत्येक वर्ष प्रवेश गर्ने युवाहरूको सङ्ख्याअनुरूप पर्याप्त रोजगारीका अवसर सिर्जना गर्नु ।

२. शिक्षा तथा तालिमबाट प्राप्त ज्ञान, सीप र दक्षता तथा श्रम बजारको वास्तविक मागबीचको असन्तुलन न्यूनीकरण गरी रोजगारयोग्य जनशक्ति उत्पादन गर्नु ।

३. कृषि, उद्योग, निर्माण, पर्यटन, सूचना प्रविधि तथा सेवा क्षेत्रमा आवश्यक दक्ष, अर्धदक्ष र प्राविधिक जनशक्तिको मागअनुरूप सीप विकास तथा व्यावसायिक तालिमको पहुँच विस्तार गर्नु ।

४. अनौपचारिक, अस्थायी तथा न्यून ज्यालामा आधारित रोजगारीलाई औपचारिकीकरण गरी श्रमिकको सामाजिक सुरक्षा, न्यूनतम पारिश्रमिक, व्यावसायिक सुरक्षा तथा श्रम अधिकार सुनिश्चित गर्नु ।

### ६.४.२. सम्भावना

१. यस प्रदेशमा उद्योग, पर्यटन, कृषि तथा कृषि प्रशोधन, निर्माण, जलविद्युत्, सूचना प्रविधि, डिजिटल सेवा र सेवा क्षेत्रमा लगानी विस्तारमार्फत आन्तरिक रोजगारीका अवसर उल्लेखनीय रूपमा वृद्धि गर्न सकिने ।

२. वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूको सीप, अनुभव, प्रविधि तथा विप्रेषणबाट प्राप्त पुँजीलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गरी स्वरोजगार तथा उद्यमशीलता प्रवर्द्धन गर्न सकिने ।

३. प्रदेशको सहरी तथा सहरोन्मुख क्षेत्रमा सूचना प्रविधि, स्टार्टअप, नवप्रवर्तन, ई-कमर्स, आउटसोर्सिङ तथा अन्य डिजिटल सेवाको विस्तारमार्फत युवाहरूका लागि नयाँ प्रकृतिका रोजगारीका अवसर सिर्जना गर्न सकिने ।

४. पर्यटनसँग सम्बन्धित होटल, होमस्टे, पदमार्ग, सांस्कृतिक सम्पदा, साहसिक पर्यटन तथा मनोरञ्जन सेवाको विकासबाट स्थानीय समुदाय, महिला र युवालाई प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारीमा आबद्ध गर्न सकिने ।

## बक्स नं. ३ रसुवा-भोटेकोशी बाढीबाट भएको क्षति तथा नोक्सानी



रसुवा-भोटेकोशी क्षेत्रमा भदौ १० गते आएको बाढीले रसुवा, नुवाकोट र धादिङलगायत प्रभावित क्षेत्रमा ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्याएको छ । बाढीको प्रत्यक्ष प्रभावसँगै यसले महत्वपूर्ण पूर्वाधार, बस्ती तथा अत्यावश्यक सार्वजनिक सेवामा समेत गम्भीर असर पारेको छ । नदी किनार तथा पहिरो र debris flow को जोखिममा रहेका क्षेत्रमा रहेका बस्ती तथा पूर्वाधारको जोखिमपूर्ण अवस्थालाई यस घटनाले स्पष्ट रूपमा उजागर गरेको छ ।

*स्रोत : https://english.nepalpress.com/wp-content/uploads/2026/08/IMG_4631.jpeg*

वि.सं. २०८३ असोज ५ गते सम्मको स्थिति अनुसार १,४५१ जनाको मृत्यु र ५,७४५ जना बेपत्ता भएको उल्लेख छ । तर बेपत्ता व्यक्तिको संख्या प्रमाणीकरणको क्रममा रहेको र त्यसमा पहिचान हुन बाँकी शव, उद्धार भइसकेका व्यक्ति तथा दोहोरिएका विवरणसमेत समावेश हुन सक्ने अवस्था रहेको छ । अपर त्रिशूली-१ जलविद्युत आयोजनाको अडिट-३ सुरुङबाट ३१ वटा तथा चिलिमे जलविद्युत आयोजनाबाट पाँच वटा शव फेला परेका थिए ।

भौतिक क्षतिको महत्वपूर्ण हिस्सा जलविद्युत क्षेत्रमा देखिएको छ । प्रभावित क्षेत्रमा रहेका विभिन्न आयोजनाका सुरुङ तथा संरचनामा बाढीजन्य माटो, ढुङ्गा र अन्य debris जम्मा भई ठूलो अवरोध सिर्जना भएको थियो । त्रिशूली-३ एको सुरुङ प्रवेश क्षेत्रमा करिब चार फिट माटो तथा debris जम्मा भएको थियो । त्रिशूली-३ बीमा परियोजना कार्यालयको जग फेला परे पनि केही आवासीय भवनका संरचनात्मक अवशेष फेला नपरेको अवस्थामा यस क्षेत्रमा भएको गम्भीर संरचनात्मक क्षतिलाई देखाउँछ ।

यातायात पूर्वाधारमा पनि उल्लेखनीय क्षति पुगेको छ । पहिरोका कारण रसुवा-नुवाकोट-धादिङ जिल्लाका कुल ४० किलोमिटर सडकमा क्षति पुगेको र त्रिभुवन राजमार्गका केही भाग प्रभावित भएको छ । उक्त बाढीले ४० वटा झोलुङ्गे पुल तथा अन्य आवागमन संरचनामा समेत क्षति पुगेको छ । साथै, सार्वजनिक पूर्वाधार र अत्यावश्यक सेवा, सार्वजनिक एवम् निजी भवन, विद्यालयहरुमा समेत क्षति पुगेको छ ।

*स्रोत : राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण ।*

# परिच्छेदः ७ प्रादेशिक वित्त स्थिति

## ७.१ बागमती प्रदेशको सरकारी वित्त स्थिति

आर्थिक वर्ष २०८२/८३ मा बागमती प्रदेश सरकारले कुल रु.६७ अर्ब ४८ करोड बजेट विनियोजन गरेकोमा आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेशको विवरणअनुसार रु.४६ अर्ब खर्च भएको छ। उक्त रकम कुल विनियोजनको ६८.१८ प्रतिशत हो। चालु खर्चतर्फ विनियोजनको ६७.२७ प्रतिशत र पुँजीगत खर्चतर्फ विनियोजनको ६८.७४ प्रतिशत खर्च भएको छ।

**तालिका ७.१: प्रदेशगत खर्चको स्थिति**

*रु. अर्बमा*

| शीर्षक | २०८१/८२ | | | २०८२/८३ | | |
|---|---|---|---|---|---|---|
| | बजेट | यथार्थ | प्रगति प्रतिशत | बजेट | यथार्थ | प्रगति प्रतिशत |
| चालु | २५.७२ | १७.०१ | ६६.१२ | २५.८१ | १७.३६ | ६७.२७ |
| पुँजीगत | ३७.३२ | २९.३९ | ७८.७७ | ४१.६६ | २८.६४ | ६८.७४ |
| वित्तीय | १.५० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| **कुल खर्च** | **६४.५४** | **४६.४०** | **७१.९०** | **६७.४८** | **४६.००** | **६८.१८** |

*स्रोत; आर्थिक मामिला तथा योजना मन्त्रालय*

बागमती प्रदेश सरकारले आ.व. २०८२/८३ को असार मसान्तसम्म कर र गैरकर राजस्व गरी कुल राजस्व रु. ३० अर्ब ६७ करोड राजस्व सङ्कलन गरेको छ। उक्त रकम गत वर्षको तुलनामा ८.३७ प्रतिशतले वृद्धि भएको हो। आ.व. २०८२/८३ मा बागमती प्रदेश सरकाले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपुरक गरी कुल रु.११ अर्ब ३८ करोड अनुदान प्राप्त गरेको छ भने अन्य प्राप्तिमा बेरुजु, निकासा फिर्ता, अनुदान फिर्ता तथा नगद मौज्दात समावेश गरि कुल रु.१४ अर्ब ४८ करोड प्राप्त गरेको छ।

**तालिका ७.२: प्रदेशगत प्राप्तिको स्थिति***

*रु. अर्बमा*

| शीर्षक | आर्थिक वर्ष २०८१/८२ असार मसान्तसम्मको प्राप्ति | आर्थिक वर्ष २०८२/८३ असार मसान्तसम्मको प्राप्ति | प्रतिशत परिर्वतन |
|---|---|---|---|
| कर राजस्व | २३.४३ | २५.४९ | ८.७५ |
| गैरकर राजस्व | ४.८७ | ५.१८ | ६.२९ |
| अन्य* | २०.१४ | १४.४८ | -२८.१२ |
| अनुदान** | ११.९७ | ११.३८ | -४.८८ |
| **कुल प्राप्ति** | **६०.४१** | **५६.५३** | **-६.४२** |

*स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश*

* अन्य प्राप्तिमा बेरुजु, निकासा फिर्ता, अनुदान फिर्ता तथा नगद मौज्दात समावेश गरिएको।

** अनुदानमा संघीय सरकारबाट प्रदेशलाई प्राप्त समावेश गरिएको।

## ७.२ स्थानीय तहहरूको वित्त स्थिति

आर्थिक वर्ष २०८२/८३ मा बागमती प्रदेशमा रहेका कुल ११९ स्थानीय तहहरूमध्ये छनौट गरिएका ५ स्थानीय तहहरू (काठमाडौं, भक्तपुर, ललितपुर, भरतपुर, हेटौंडा) को कुल प्राप्ति रु.२४ अर्ब ७ करोड रहेको छ, जुन गत आर्थिक वर्षको तुलनामा ६.५ प्रतिशतले बढी हो। उक्त स्थानीय तहहरूले करतर्फ रु.१२ अर्ब ८८ करोड, अनुदानतर्फ रु.७ अर्ब ३४ करोड र अन्य राजस्वतर्फ रु.३ अर्ब ७५ करोड रकम प्राप्त गरेका छन्। गत आर्थिक वर्षको तुलनामा यी स्थानीय तहहरूले प्राप्त गरेको कर १३.० प्रतिशतले, अनुदान ३.२ प्रतिशतले वृद्धि भएको र अन्य राजस्व ६.५ प्रतिशतले घटेको छ।

**तालिका ७.३: बागमती प्रदेशको स्थानीय तहहरूको प्राप्ति तथा खर्च विवरण***

रु. दश लाखमा

| विवरण | २०८१/८२ | २०८२/८३ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| कर | ११,४०३ | १२,८८९ | १३.० |
| अनुदान | ७,१२३ | ७,३४८ | ३.२ |
| अन्य राजस्व | ४,०११ | ३,७५२ | (६.५) |
| विविध प्राप्ति | ४७ | ८४ | ८०.० |
| अन्य संस्थाहरूबाट प्राप्ति | १५ | – | – |
| **क. कुल प्राप्ति** | **२२,५९९** | **२४,०७४** | ६.५ |
| **ख. कुल खर्च** | **२५,२४१** | **२६,६६४** | ५.६ |
| *चालु* | १२,७३८ | १३,८०० | ८.३ |
| *पुँजीगत* | १२,३४० | १२,७१० | ३.० |
| *वित्तीय* | १६४ | १५४ | (५.९) |
| **बचत (न्यून) रकम (क-ख)** | (२,६४२) | (२,५९०) | |

*स्रोत: महालेखा नियन्त्रण कार्यालय*

* अध्ययनमा समेटिएको ५ वटा स्थानीय तहहरू (काठमाडौं, भक्तपुर, ललितपुर, भरतपुर, हेटौंडा)।

छनौटमा परेका ५ स्थानीय तहहरूले आर्थिक वर्ष २०८२/८३ मा रु.२६ अर्ब ६६ करोड रकम खर्च गरेका छन् जुन गत आर्थिक वर्षको तुलनामा ५.६ प्रतिशतले बढी रहेको छ। उक्त स्थानीय तहहरूले चालुतर्फ रु.१३ अर्ब ८० करोड, पुँजीगततर्फ रु.१२ अर्ब ७१ करोड र वित्तीयतर्फ रु.१५ करोड ४० लाख रकम खर्च गरेका छन्। गत आर्थिक वर्षको तुलनामा यी स्थानीय तहहरूको चालु खर्च ८.३ प्रतिशतले वृद्धि भएको छ भने पुँजीगत खर्च ३.० प्रतिशतले र वित्तीय खर्च ५.९ प्रतिशतले घटेको छ।

**चार्ट ७.१: स्थानीय तहहरूको राजस्व र खर्चको अवस्था (रु.अर्बमा)**




*स्रोत: महालेखा नियन्त्रण कार्यालय*

* अध्ययनमा समेटिएका ५ वटा स्थानीय तहहरू (काठमाडौं, भक्तपुर, ललितपुर, भरतपुर, हेटौंडा)।

# परिच्छेद ८: आर्थिक परिदृश्य

## समग्र आर्थिक परिदृश्य

स्थलगत सर्वेक्षणको क्रममा प्रदेशका कृषि विज्ञ, पशुपन्छी विज्ञ, मालपोत कार्यालय प्रमुख, यातायात व्यवस्था कार्यालय प्रमुख, डिभिजन वन प्रमुख, उद्योगी/व्यवसायी तथा अन्य सरोकारवालाहरूसँग गरिएको छलफल तथा आर्थिक परिदृश्य सम्बन्धी प्रश्नावलीमार्फत व्यक्त गरेका विचार तथा जानकारीका आधारमा विश्लेषण गर्दा आर्थिक वर्ष २०८३/८४ मा यस प्रदेशमा कृषि, उद्योग र सेवा क्षेत्रको गतिविधिमा सुधार हुने अनुमान रहेको छ। तथापि, २०८३ भदौ १० गते आएको विनाशकारी बाढीका कारण रसुवा, नुवाकोट जिल्ला अति प्रभावित भई चितवन र धादिङ जिल्लामा समेत प्रभाव परेको कारण बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा केही नकारात्मक प्रभाव पर्ने देखिन्छ। अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य वृद्धि, भारतमा बढ्दो महँगी र आपूर्तिजन्य अवरोधका कारण मूल्यमा चाप पर्ने देखिन्छ।

## ८.१ कृषि क्षेत्र

बागमती प्रदेशस्थित कृषि विकास कार्यालयबाट प्राप्त प्रारम्भिक अनुमानअनुसार आर्थिक वर्ष २०८३/८४ को पहिलो ६ महिनामा कृषि उत्पादन सामान्य वृद्धि हुने अनुमान गरिएकोमा बाढीका कारण भोटेकोशी-त्रिशुली-नारायणी नदी करिडोरका करिब १८०० हेक्टर खेतीयोग्य जमिन बगरमा परिणत भएको, बाली बगाएको, सिँचाइ पूर्वाधारमा सामान्य क्षति पुगेको, पशुपन्छीजन्य उत्पादनमा असर गरेकोले वागमती प्रदेशको प्रादेशिक गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदानमा सामान्य प्रभाव पर्ने देखिन्छ। साथै, सुपर एल निनोको प्रभावस्वरूप धान बालीको उत्पादकत्वमा संकुचन आउने सम्भावना रहेको छ। तथापि, आधुनिक कृषि प्रविधिको विस्तार, अनुकूल मनसुन र मलको पर्याप्त आपूर्ति सुनिश्चितता लगायतका कारण कृषि उत्पादकत्वमा वृद्धि भई समग्र बागमती प्रदेशको कृषि उत्पादनमा सामान्य असर पर्ने देखिन्छ।

## ८.२ औद्योगिक क्षेत्र

विद्युत करिडोरका रुपमा रहेको रसुवा-नुवाकोट क्षेत्रमा आएको बाढीका कारण आगामी दिनमा यस प्रदेशमा विद्युत उत्पादनमा उल्लेख्य कमी आउने र विद्युत आपूर्तिमा प्रतिकुलताका कारण औद्योगिक उत्पादनमा नकारात्मक प्रभाव पर्ने देखिन्छ। तथापि, बाढीले क्षतिग्रस्त सडक, पुल, जलविद्युत परियोजना, आवासीय र सरकारी भवन लगायतका संरचनाहरुको पुनर्निमाणले तिव्रता पाएमा पूँजीगत खर्चमा वृद्धि भई खानी तथा उत्खनन र निर्माण क्षेत्र विस्तार हुने देखिन्छ।

## ८.३ सेवा क्षेत्र

चाडपर्वलाई लक्षित गरी आयात गरिएका कतिपय सरसामानहरुको क्षतिसँगै थोक तथा खुद्रा व्यापार उपक्षेत्रमा अल्पकालमा प्रतिकुल प्रभाव पर्ने देखिन्छ। यातायात सञ्जालमा गतिरोधका कारण दशै-तिहार लक्षित आन्तरिक पर्यटन गतिविधि समेत प्रभावित हुने देखिन्छ। साथै, राजमार्गमा रहेका अवरोध, कैलाश मानसरोवर जाने पदयात्रा, लाङटाङ-गोसाईकुण्ड पदयात्रा क्षेत्रमा अवरोध साथै कतिपय देशहरुले आफ्नो ट्राभल एडभाइजरीमा संशोधन गरेका कारण बाह्य पर्यटकहरुको संख्या अल्पकालमा केही घट्ने देखिन्छ। तथापि, जलवायु परिवर्तनसँग सम्बन्धित शोध-अनुसन्धानका लागि आउने पर्यटकहरुमा वृद्धि हुने तथा विगतको भूकम्प तथा जेनजी आन्दोलनले समेत पर्यटन क्षेत्रमा पारेको प्रभाव विश्लेषणका आधारमा पर्यटन क्षेत्रमा चाडै सुधार हुने अपेक्षा रहेको छ। विगतको भूकम्प तथा जेनजी आन्दोलनपश्चात्को अनुभवको आधारमा विप्रेषण आप्रवाह वृद्धिमा निरन्तरता रहने, बैदेशिक सहयोग बढ्ने र राहत तथा पुनःनिर्माणको कार्यले गति लिँदा समग्र सेवा क्षेत्रका गतिविधिहरुमा विस्तार हुने देखिन्छ।

### ८.४ पूर्वाधार क्षेत्र

बाढीका कारण सडक, सञ्चार, विद्युत आयोजना, सरकारी तथा निजी आवास, विद्यालय भवन, ठूला-साना पक्की तथा झोलुङ्गे पुल लगायतका भौतिक संरचनाहरु प्रभावित भएका छन् । बाढीले मितेरी (मैत्री) पुल, नवनिर्मित टिमुरे सुक्खा बन्दरगाह, रसुवागढी भन्सार यार्ड तथा विद्युतीय सवारीसाधन (EV) का लागि आवश्यक चार्जिङ पूर्वाधार पूर्ण रूपमा बगाएकोले पूर्वाधार क्षेत्रमा धक्का पुगेको देखिन्छ । यद्यपि, बागमती प्रदेशमा प्रादेशिक लोकमार्ग, प्रादेशिक मार्ग, सहरी तथा स्थानीय सडक पूर्वाधार निर्माण तथा स्तरोन्नति कार्य भइरहेको, निजी तथा सरकारी क्षेत्रबाट निर्माणाधीन जलविद्युत् आयोजना, विद्युत् प्रसारण लाइन निर्माण, सुरुङमार्ग निर्माणजस्ता केही महत्वपूर्ण पूर्वाधार आयोजनाहरूको कामले गति लिएको सन्दर्भमा पूर्वाधार क्षेत्रको विस्तार हुने देखिन्छ ।

*                *                *